छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com








वर्ष २५ •अंक १३२ • २०७९ साल आश्विन १३ गते विहीबार (29 September, Thursday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-


## लोसपाकी 'कुञ्जी' चौधरी कांग्रेसमा



**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को 'कुञ्जी' मानिएकी निवर्तमान सांसद चन्दा चौधरी नेपाली कांग्रेसमा प्रवेश गरेकी छन् ।

लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई विभिन्न शक्तिकेन्द्रहरुमा स्थापित गराउने नेतृ चौधरीको पार्टी परित्यागले सर्लाही जिल्लाको राजनीतिमा उथलपुथल हुने संकेत देखिएको छ।

सर्लाही ४ बाट कांग्रेसका डा.अमरेश कुमार सिंह प्रत्याशी रहेका थिए ।चौधरीले त्यही क्षेत्रबाट प्रत्यक्ष चुनाव लड्ने प्रधानमन्त्री शेरबहादुर देउवाकी पत्नी डा.आरजु देउवाको आश्वासन पाएकी छन् ।

ठाकुरले प्रतिनिधि सभाको समानुपातिकतर्फ छोरी डा.मिनाक्षी झालाई मधेशी महिलाको १ नम्बरमा नाम राखेपछि चौधरीले पार्टी परित्याग गरेकी छन् ।बालुवाटारमा प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवालाई भेटेर चौधरीले बुधवार कांग्रेसको सदस्यता लिएकी छन् ।

### आज मन्त्रिपरिषद्को बैठक

# मधेश प्रदेशको केबिनेट बैठक नबसेको महिना भयो

**राजेन्द्र यादव**

जनकपुरधाम ।मधेश प्रदेश सरकारको 'केबिनेट बैठक' नबसेको एक महिना भइसकेको छ ।सरकारले विहीबार 'केबिनेट ' को नियमित बैठक बोलाएको छ।

सरकारको नियमित बैठक बोलाउन प्रदेश प्रमुख सचिवले अटेर गरेको आरोप लगाइएको छ।' मन्त्रिपरिषद्को बैठक नबसेको झण्डै एक महिना भयो' नेपाली कांग्रेसबाट सरकारमा भौतिक पूर्वाधार विकास मन्त्री रहेका रामसरोज यादवले भने, कैबिनेटको नियमित बैठक र निर्णय कार्यान्वयन गराउने प्रमुख जिम्मेवारी मुख्यमन्त्रीको हो ।

'सरकारले गरेका दर्जनौ निर्णयहरु अलपत्र परेका छन्' मन्त्री यादवले भने, सरकारको निर्णय कार्यान्वयन नहुँदा कयौं क्षेत्र प्रभावित भएको छ ।मुख्यमन्त्री लालबाबु राउत र प्रमुख सचिव कृष्णबहादुर राउतबीच सम्बन्ध चिसिएको बताइन्छ ।

स्रोतहरुका अनुसार सचिव कार्यालयमा नियमित उपस्थित रहे पनि मुख्यमन्त्री राउतसित सम्पर्क हुँदैन् ।दुबैबीचको सम्बन्ध तनावपूर्ण रहेकाले विहीबारको केबिनेट बैठकमा त्यसको प्रभाव पर्ने एकजना मन्त्रीले जनाए ।नाम सार्वजनिक नगर्ने शर्तमा उनले भने, सरकारले गरेका निर्णयहरु प्रमुख सचिवले प्रमाणीकरण गर्न छाडेका छन् ।

प्रमुख सचिवको कारण झण्डै डेढ सय दीर्घ रोगीले उपचार खर्च पाउन सकेको छैन् ।सरकारले निर्णय गरिसके पनि प्रमुख सचिवले उनीहरुलाई दिनुपर्ने सुविधा रोकेको बताइएको छ ।



मुख्यमन्त्री लालबाबु राउत



प्रमुख सचिव कृष्णबहादुर राउत

बच्चाको पिता कायम गराउन कानूनी र सामाजिक लडाइ लडिरहेकी निहारिका सिंहलाई प्रदेश सरकारले पाँच लाख रुपैया दिने निर्णय समेत कार्यान्वयन भएको छैन् ।सरकारले गरेको निर्णयलाई प्रदेश सचिव राउतले रोकेको मन्त्रीहरुको आरोप छ।

यस सम्बन्धमा प्रमुख सचिवसित पटक-पटक सम्पर्कका लागि गरेको प्रयास सफल हुन सकेन् ।स्रोतका अनुसार मुख्यमन्त्रीले मौखिक आदेश दिएको भरमा आर्थिक कारोबार गर्न नसकिने प्रमुख सचिव राउतको अडान छ ।वित्तीय सहायता सम्बन्धी मुख्यमन्त्रीको निर्देशन मौखिक रुपमा कार्यान्वयनगर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको फन्दामा पर्ने कर्मचारीमा त्रास देखिएको छ ।

तर मुख्यमन्त्री राउत निकट स्रोतहरुका अनुसार मन्त्रिपरिषद्ले गरेको निर्णयलाई प्रमाणीकरण गरी कार्वान्वयन समेत गर्न सचिवले अटेर गरेका छन् ।सचिवले हरेक निर्णयमा मुख्यमन्त्री राउतको हस्ताक्षर हुनुपर्नेमा जोड दिएका छन्।

प्रमुख सचिव राउतले आफूलाई सास्ती दिन प्रदेशमा पठाइएको दुखेसोगर्दै कानून विपरीतको काम कुनै दबाबले नगर्ने बताउने गरेको स्रोतहरुले जनाएका छन् ।

चुनावको मुखमा प्रमुख सचिवले सरकारलाई असहयोग गर्न थालेको मन्त्रीहरुको आरोप छ ।तर मन्त्रीहरुबीच पनि समन्वयको चरम अभाव देखिएको छ ।मुख्यमन्त्री राउतले भनेका योजना समेत मन्त्रीहरुले कार्यान्वयन गर्दैनन् ।मुख्यमन्त्रीको क्षेत्रमा उनको सहमति बेगर नै अनेकौ योजना कार्यान्वयनमा रहेको बताइन्छ ।

स्रोतहरुका अनुसार मुख्यमन्त्रीका फोन समेत केही मन्त्रिले उठाउँदैनन् ।तर मुख्यमन्त्री राउत माओवादी केन्द्रका गृह तथा सञ्चार मन्त्री भरत साहको 'इशारा'मा काम गरेको कर्मचारीहरुको गुनासो छ ।साहले अनावश्यक रुपमा कर्मचारीहरुमाथि दबाब दिने र मुख्यमन्त्रीबाट समेत दबाब दिलाउने गरेको उनीहरुको कथन छ ।

मधेश प्रदेशमा स्थापनाकालदेखि नै कर्मचारी र मन्त्रीबीच मधुर सम्बन्ध स्थापित हुन सकेन् । बैचारिक रुपमा फरक मन्त्री र कर्मचारीबीच तालमेल हुन नसक्दा कयौं महत्वपूर्ण निर्णयहरु समेत कार्यान्वयन हुन सकेको छैन् ।चुनाव घोषणा भइसकेपछि प्रदेश सरकार र कर्मचारीबीच चर्किएको विवादले दीर्घरोगीहरुको उपचार सुविधा, निहारिकालाई दिने आर्थिक सहायता लगायतका कतिपय कामहरु अलपत्र परेका छन् । निजामती कर्मचारी ऐन बने पनि विवादकै कारण नियमावली बन्न नसकेको बताइन्छ ।निर्वाचन आचार संहिता लागु भइसकेकाले प्रदेश सरकारको गतिविधि खुम्चिएको छ ।सरकारले कर्मचारीहरुलाई चलाउन नसक्ने भएकाले पनि सरकारी सुविधा बाहेक मुख्यमन्त्री लगायत मन्त्रीहरुले अन्य काममा दबाब बनाउन सक्ने अवस्था छैन् ।

## केबिनेट बैठक कांग्रेस मन्त्रीद्वारा बहिष्कार

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेशको विहीबार बस्ने 'केबिनेट बैठक'लाई नेपाली कांग्रेसबाट भौतिक पूर्वाधार विकास मन्त्री रहेका रामसरोज यादवले बहिष्कार गर्ने भएका छन् ।

मुख्यमन्त्री लालबाबु राउत र यादवबीच केही महिनादेखि सम्बन्ध बिग्रिएको छ ।मन्त्री यादवले केबिनेट बैठकको निर्णय कार्यान्वयन नै नहुने भएपछि बैठकमा जानुको औचित्य नरहेको बताए ।

'मुख्यमन्त्री राउतले मौखिक निर्देशनको भरमा काम गराउन चाहेका छन्' उनले भने, उनको निर्देशन कार्यान्वयन गर्ने निकायबाट कुनै प्रतिक्रिया नै आउँदैन् ।

स्रोतका अनुसार मुख्यमन्त्री राउतले भनेको योजना भौतिक पूर्वाधार मन्त्री यादवले कार्यान्वयन नगर्दा विवाद चर्किएको छ ।राउतको सहमति बिना नै उनको क्षेत्रमा भौतिक पूर्वाधार मन्त्रालयबाट कयौं योजनाहरु कार्यान्वयन भएका छन् ।त्यसबाट राउत आक्रोशित बनेका छन् ।



मन्त्री रामसरोज यादव

## धनुषामा जसपाको 'काउण्टर सभा'



**टुडे समाचारदाता**

जनकपुरधाम ।जनता समाजवादी पार्टी(जसपा)ले धनुषा जिल्लाको शहीदनगर (यदुकुहा)मा विहीबार विशाल पार्टी प्रवेश कार्यक्रमको आयोजना गरेको जनाएको छ ।

जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा हुने बृहत् पार्टी प्रवेश कार्यक्रममा नेकपा एमाले परित्याग गरेका समाजसेवी गंगाराम यादवको नेतृत्वमा ८ हजारले जसपा प्रवेश गर्ने दाबी गरिएको छ ।

धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ गठबन्धनबाट जसपाको भागमा पर्ने निश्चित जस्तै छ ।जसपा धनुषाका अध्यक्ष पशुपति यादवले पार्टी प्रवेश कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको बताएका छन् ।

राष्ट्रिय अध्यक्ष यादव बुधवार नै जनकपुरधाम आइपुगेको जनाउँदै बिहान ११ बजेदेखि नै सभा सुरु हुने उनले बताए ।सो क्षेत्रमा प्रतिनिधि सभाका लागि गंगाराम यादव, गजाधार यादव, बलराम महतो लगायतले जसपाबाट टिकट चाहेका छन् ।









## बालबालिकालाई कोभिड विरुद्ध खोप

**टुडे समाचारादाता**

कलैया । जिल्ला स्वास्थ्य कार्यालय बाराले पाँचदेखि १२ वर्षमुनिका बालबालिकालाई कोभिड-१९ विरुद्ध ९३ हजार एक सय ८५ लाई खोप लगाएको छ ।

निमित्त कार्यालय प्रमुख रामनरेश यादवका अनुसार कार्यालयले अभियानका रूपमा सञ्चालन गरिएको कार्यक्रम जिल्लाका १६ स्थानीय निकायमा पाँचदेखि १२ वर्षमुनिका बालबालिकालाई एक लाख २० हजार खोप दिने लक्ष्य रहेको छ ।

गत भदौ १६ देखि भदौ २० गतेसम्म पहिलो चरणमा र भदौ २७ देखि ३१ गतेसम्म दोस्रो चरणमा खोप अभियान सुरु गरी ९३ हजार एक सय ८५ जनालाई खोप लगाउन सफल भएको जिल्ला जनस्वास्थ्य कार्यालयका खोप अधिकृत जितन चौधरीले बताए ।

# मुनालाई सम्मान

**टुडे समाचारदाता**

कलैया । पर्साको वीरगञ्ज महानगरपालिका-२ छपकहिया का ३२ वर्षीय शेस मुनालाई बाराका प्रहरी उपरीक्षक होमिन्द्र बोगटीले दोसल्ला ओढाई सम्मान गरेका छन् ।



उनले बुधबार आफ्नो कार्यकक्षमा नै मुनालाई सम्मान गरेका छन् । सम्मानपछि प्रहरी उपरीक्षक बोगटीले मुनाको साहसी कदमको प्रशंसा गर्दै उनको कार्यले नेपालको स्वाभिमान अझै बढेर गएको बताए । वीरगञ्जबाट २२ दिनमा एक हजार एक सय किलोमिटर पैदल यात्रा गरी भारतको राजधानी दिल्ली पुगी कीर्तिमान कायम गरी नेपाल र नेपालीको मानसम्मान विश्वमा चिनाउने गरेको अदम्य साहसलाई कदर गर्दै उनलाई सम्मान गरिएको हो । सम्भवतः विश्वमा नै पहिलो रेकर्ड मुनाको हुने आकलन पनि गरिएको छ ।

"अमेरिकाले ३७ दिनमा एक हजार एक सय किलोमिटर, अष्ट्रेलियाले ३३ दिनमा एक हजार एक सय किलोमिटर र भारतले २७ दिनमा सात सय ८० किलोमिटर यात्रा तय गरेको रेकर्ड अहिलेसम्मको रहेको हुँदा आफू कम समयमा नै संसारको सबैभन्दा बढी पैदल यात्रा तय गरेको व्यक्ति हुन सक्ने हाम्रो अनुमान रहेको छ, तीन महिनापछि विश्व गिनिजबुकमा नाम लेखाउन सफल हुनेमा आफू पूर्ण विश्वस्त रहेको छु", मुनाले भने ।

उनले साउन महिनाको २१ गते वीरगञ्जबाट बिहान ७ बजेर ३० मिनेटमा दिल्लीका लागि यात्रा सुरुआत गरेका थिए । उनलाई पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी, वीरगञ्ज महानगरपालिकाका उपप्रमुख र समाजसेवी प्रकाश थारूले नेपाली झन्डा दिई विदाई गरेका थिए ।

मुनालाई दिल्लीमा नेपालका लागि राजदूतले स्वागत तथा सम्मान गरेका थिए भने दिल्लीका राज्यपाल, भारतीय सैनिक प्रमुखले समेत मुनालाई दिल्लीमा स्वागत गरेका थिए । तेह्र दिनको दिल्ली बसाइमा मुनालाई त्यहाँ रहेका विभिन्न सङ्घसंस्था समेतले सम्मान गरेको थियो ।

# कर्मचारीको दरबन्दी खाली भएपछि उपचारमा समस्या

**टुडे समाचारदाता**

सर्लाही । स्वास्थ्य कार्यालय सर्लाहीले गत आर्थिक वर्षमा संचालित स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरीय वार्षिक समीक्षा सम्पन्न गरेको छ ।

स्वास्थ्य कार्यालय सर्लाहीले मंगलबार र बुधबार सदरमुकाम मलंगवामा आयोजना गरेको समीक्षा गोष्ठीमा जिल्लाको २० वटा स्थानीय तहको स्वास्थ्य संयोजकहरुले आर्थिक वर्ष २०७८/०७९ मा आ-आफ्नो स्वास्थ्य शाखाबाट संचालन गरेको स्वास्थ्य कार्यक्रमहरु प्रस्तुत गरेका थिए ।

कार्यक्रममा स्वास्थ कार्यालय सर्लाहीका प्रमुख डा.नवल किशोर झाले जिल्लामा ४८ प्रतिशत नर्सिङ कर्मचारी तथा ९५ प्रतिशत चिकित्सकको दरबन्दी रिक्त रहेकोले स्वास्थ उपचारमा ठूलो समस्या हुने गरेको बताए ।



उनका अनुसार जिल्लाका २० वटै पालिकाहरूले सि.अहेव, हेल्थ असिस्टेन्टहरूलाई दरबन्दी भन्दा बढी सहमति दिएर सरूवा गराई ल्याएकाले नर्सिङ तथा चिकित्सक भर्ना नगरेकोले गर्भवती तथा सुत्केरी महिलाहरूको स्वास्थ्य उपचारमा ठूलो समस्या भएको छ ।

माग अनुसारको दरबन्दी सरकारले नगर्दा जिल्लामा स्वास्थ्य उपचार प्रभावित भएको स्वास्थ्य कार्यालय सर्लाहीका डा. झा ले गुनासो गरे ।

गोष्ठीमा आ.व २०७८/०७९ सम्पादित स्वस्थ्य सेवाहरु प्रभावकारी रुपमा संचालन गरी निर्धारित सुचकांकको आधारमा उत्कृष्ट बन्न सफल भइ स्वास्थ्य कार्यालयको समग्र स्वास्थ्य स्थितिमा पुर्‍याएको योगदानको उच्च सम्मान गर्दै २० वटै स्थानीय तह अन्तर्गतका स्वास्थ्य शाखाहरु मध्येबाट ४ वटा स्वास्थ्य शाखालाई स्वास्थ्य कार्यालय सर्लाहीले कदरपत्रले सम्मानित गरिएको थियो ।

सम्मानित हुने स्वास्थ शाखाहरुमा हरिपुर नगरपालिका( प्रथम),हरिवन नगरपालिका( दोस्रो) र चक्रघट्टा गाउँपालिका( तेस्रो) र गोडैता नगरपालिका (चौथो) रहेका छन् ।

गोष्ठीमा मलंगवा नगरपालिका प्रमुख नागेन्द्र कुमार यादव, प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम ,प्रादेशिक अस्पताल मलंगवाका अध्यक्ष सतीश साह,यु.एन.एफ.पि.ए का बच्चालाल महतो,जनस्वास्थ्य निरिक्षक सुशील कुमार झा,२० वटा पालिकाका स्वास्थ्य संयोजक तथा स्वास्थ्यको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो।

# प्रदेशको संयोजकमा यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । सुरेन्द्र यादवलाई नेपाल समाजवादी पार्टी निकट समाजवादी विद्यार्थी युनियनको केन्द्रीय सदस्य तथा मधेश प्रदेशको संयोजकको जिम्मेवारी पाएका छन् ।



जनता समाजवादी पार्टी नेपाल निकट समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सदस्य एवम् मधेश प्रदेश कोषाध्यक्ष भइ काम गरिसकेका यादवलाई नेसपाले समाजवादी विद्यार्थी युनियनको प्रदेश समितिको संयोजकमा मनोनयन गरेको छ । युनियनको धनुषा जिल्ला अध्यक्ष समेत भइ काम गरेका यादवलाई नेपाल समाजवादी पार्टीको आङगिक संगठन "समाजवादी विद्यार्थी युनियन" मधेश प्रदेश समितिको संयोजकको पद दिएको छ।

संगठनमा कृयाशील रहँदासम्म संगठन केन्द्रीय समितिको मातहतमा रही कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्ने विश्वाससहित यादवलाई तत्काल मधेश प्रदेश समितिको पुनर्गठन गर्नका लागि यो जिम्मेवारी दिइएको अध्यक्ष नेत्र प्रसाद चापागाईले बताए ।

# बालक हत्याका आरोपि पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा बालक हत्याको आरोपमा एक जनालाई पक्राउ गरिएको छ ।

बुधबार क्षीरेश्वरनाथ नगरपालिका ५ का ५ वर्षीय अनुप पासवानको हत्या आरोपमा २८ वर्षीय रबि पासमानलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक बेचन यादवले जानकारी दिएका छन् । पासमान हत्या भएको बालकको नातामा काका रहेका छन् ।

उनले फलामको रडले बालकलाई कुटपिट गरेका थिए । कुटपिटबाट घाइते भएपछि उपचारको लागि महेन्द्र हेल्थ केयर अस्पताल महेन्द्रनगर लैजादा चिकित्सकले मृत घोषणा गरेको थियो ।

बालकको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ । हत्याको कारणबारे अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

# 'स्वास्थ्य सेवा प्रभावकारी हुन सकेन'

**टुडे समाचारदाता**

वीरगञ्ज । सरकारको लगानी अनुसार ग्रामीण भेगमा स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको गुनासो वक्ताहरुले गरेका छन् । जिल्ला स्वास्थ्य कार्यालय पर्साले आयोजना गरको वार्षिक समीक्षा गोष्ठीमा सहभागीहरुले यस्तो गुनासो व्यक्त गरेका हुन ।

गत आर्थिक वर्षमा सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको जिल्ला स्तरीय वार्षिक समीक्षा गोष्ठी बुधबारदेखि सुरु भएको छ । दुई दिने समीक्षा गोष्ठीमा पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकालले सरकारले स्वास्थ्य लगानी गरेजतिको सेवा प्रभावकारी हुन नसकेको चिन्ता व्यक्त गरे ।

उनले अहिले पनि जिल्लाको ग्रामीण भेगबाट व्यापक गुनासो र उजुरीहरु आइरहेकोले जनताले पाउनु पर्ने स्वास्थ्य सेवालाई अझ




प्रभावकारी बनाउन कर्मचारीहरुलाई निर्देशन दिए । स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा नारायणी अस्पतालका निमित्त प्रमुख डाक्टर वीरेन्द्र प्रधान लगायतका पदाधिकारीको उपस्थिति रहेको थियो । गोष्ठीमा जिल्लाका १४ वटै पालिकामा रहेका सरकारी स्वास्थ्य संस्थाको गत आर्थिक वर्षको गतिविधि,स्वास्थ्य क्षेत्रमा पालिकाले सञ्चालन गरेको कार्यक्रम , सरकारबाट आएका बजेट र त्यसको उपलब्धिका बारेमा समीक्षा गरिने छ ।

# अध्यक्ष तिमिल्सिनाद्वारा सम्मान प्रदान

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले समाजका विभिन्न विधामा उल्लेख्य योगदान पुर्‍याउने व्यक्तिलाई सम्मान गर्नुभएको छ ।

चन्द्रलोक प्रतिष्ठानद्वारा आज यहाँ आयोजित समारोहमा उहाँले न्युज अफ नेपालका सम्पादक तथा नेपाल समाचारपत्रका कार्यकारी सम्पादक दीपक रिजाललगायतका व्यक्तिलाई सम्मान गर्नुभएको हो । समारोहमा जनता टेलिभिजनका सम्पादक टङ्क पन्त, गोरखापत्र दैनिकका फोटो पत्रकार कविता थापाले पनि सम्मानित हुनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष सीताराम कार्कीले विभिन्न क्षेत्रमा ख्याति कमाएका व्यक्तिलाई सम्मान गर्न पाएकोमा आफू हर्षित भएको बताउनुभयो ।

# लागू औषधसहित एकजना पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले लागू औषधसहित एक जनालाई नियन्त्रणमा लिइएको छ ।

लालबन्दी नगरपालिका वडा न-१ स्थित भित्रि सडक खण्डमा खटिएको प्रहरी टोलीले मंगलबार राति करिब सवा ९ बजेको समयमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना ४३ प ५७५१ नम्बरको मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्दा उक्त मोटरसाइकलमा सवार चालक हरिवन न.पा वडा न-३ का प्रेमलाल थिङ्गको छोरा अन्दाजी वर्ष २५ को विमल थिङ्गको साथबाट Onerex–100 ml(२८ बोतल),Codiwel–100 ml–-१४९ बोतल )र Wincirex–100ml– (११३ बोतल) नामक लागू औषधहरु फेला पारेको प्रहरीले जनाएको छ ।

बरामद गरेको लागू औषध र मोटरसाइकलसहित नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाले जनाएको छ।

# कांग्रेस केन्द्रीय कार्यालयमा धर्ना

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइराला पक्षधर समूहका नेता कार्यकर्ताले विभिन्न माग राखी पार्टी केन्द्रीय कार्यालयमा धर्ना दिनुभएको छ । उहाँहरुले पार्टीको आन्तरिक एकता, समान अवसर र न्यायको माग गर्दै बुधबार दिउँसो एक घण्टा धर्ना दिनुभएको केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले जानकारी दिनुभयो । धर्नामा सो समूहका शीर्ष नेता तथा पदाधिकारीको भने सहभाति थिएन ।



आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा पार्टीका तर्फबाट समानुपातिक बन्दसूची तय गर्दा उचित तवर नभएको नेता कोइराला समूहका नेताको आरोप छ । कांग्रेस पार्टी कार्यालयले भने सर्वसम्मतिले समानुपातिक उम्मेदवारको नामावली टुङ्गो लगाइएको स्पष्ट पारेको छ । कांग्रेस केन्द्रीय कार्यालयमा मङ्गलबार आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रवक्ता डा प्रकाशशरण महतले पार्टीको विधानबमोजिम सम्बन्धित निकायबाट सिफारिस भई केन्द्रमा आएका नामउपर केन्द्रीय संसदीय समितिको बैठकले समानुपातिक उम्मेदवारको नामावली टुङ्गो लगाएको बताउनुभएको थियो ।रासस

# मन्त्रिपरिषद्द्वारा राजस्व परामर्श विकास समिति (गठन) आदेश खारेज

काठमाण्डु । सरकारले नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६ खारेज गर्ने भएको छ ।



सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले यही असोज ११ गते बसेको मन्त्रिपरिषद्का निर्णयबारे आज जानकारी दिँदै केचना कञ्चनजङ्घा पर्यटन विकास समितिको अध्यक्ष र कार्यकारी निर्देशकलाई पदबाट हटाउने निर्णय गरिएको बताउनुभयो ।

मन्त्रिपरिषद्ले ऋण असुली न्यायाधीकरणको रिक्त कानुन सदस्य पदमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव जङ्गबहादुर डाँगीलाई नियुक्त गर्ने पनि निर्णय गरेको छ ।

कास्की जिल्लास्थित करुवा सेती जलविद्युत् आयोजना (३२ मेगावाट) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने र गोरखा जिल्लास्थित मध्य सुपर दरौँदी खोला जलविद्युत् आयोजना (१० मेगावाट) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय भएको छ', सरकारका प्रवक्ता कार्कीले भन्नुभयो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : धन बृद्धि सञ्चय । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# युएनएफपिएद्वारा स्वास्थ्य सामग्री हस्तान्तरण

काठमाण्डु । सुदूरपश्चिम प्रदेशका बाढी पहिरो प्रभावितलाई संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) ले प्रदेश तथा स्थानीय सरकारसँगको समन्वय र साझेदारीमा महिला तथा किशोरीको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी आवश्यक स्वास्थ्य सामग्री, 'डिग्निटी किट' र किशोरी किट वितरण गरेको छ। गत हप्ता अविरल वर्षाका कारण गएको बाढीपहिरोबाट सो प्रदेशका



विशेष गरी महिला तथा किशोरी बढी प्रभावित भएका जनाइएको छ।

दार्चुला जिल्ला अस्पताललाई पाँच र महाकाली नगरपालिका-२ स्थित स्वास्थ्यचौकीलाई दुई स्थान प्रजनन स्वास्थ्य सामग्री (आरएच किट्स) प्रदान गरेको युएनएफपिएद्वारा आज यहाँ जारी विज्ञप्तिमा जनाइएको छ। प्रजनन स्वास्थ्य सामग्रीमा यौनजन्य सङ्क्रमणको उपचार गर्न, सुत्केरी गराउन र प्रसूतिसम्बन्धी जटिलताको व्यवस्थापन गर्न र बलात्कार भएको अवस्थामा उपचारका लागि आवश्यक औषधि तथा सामग्री समावेश गरिएको जनाइएको छ।

राष्ट्रसङ्घको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी एजेन्सीका रूपमा कार्यरत युएनएफपिएले सुदूरपश्चिम प्रदेशका दार्चुला, अछाम र कैलाली जिल्लामा विपत्का प्रभावित महिला तथा किशोरीहका लागि चार सय ६२ डिग्निटी किट्स र दुई सय ७० किशोरी किट्स वितरण गरेको विज्ञप्तिमा उल्लेख छ।

गर्भवती र सुत्केरीसहित महिला तथा किशोरीहरूको महिनावारीलगायत आधारभूत स्वच्छता तथा सुरक्षाको सुनिश्चितताका लागि डिग्निटी किट्स र किशोरी किट्स वितरण गरिएको हो । उक्त किट्सहरूमा विपत्का बेला महिला तथा किशोरीका लागि चाहिने अत्यावश्यक सामग्रीहरू राखिएका छन्।

उक्त सामग्रीहरू वितरणसँगै युएनएफपिएले यौन तथा अन्य हिंसाको जोखिम सम्बोधन गर्न हिंसा रोकथामसम्बन्धी सन्देश तथा त्यससम्बन्धि सेवा प्रवाह गर्ने निकायहरूको नाम, टेलिफोन नम्बर तथा जानकारीसमेत प्रदान गरेको जारी विज्ञप्तिमा जनाइएको छ । स्वास्थ्य सामग्रीमा परिवार नियोजनका साधनसमेत समेटिएका छन् ।

जिल्ला अस्पताल दार्चुलाका मेडिकल सुपरिटेन्डेन्ट डा आदर्श लिम्बूले सामग्री ग्रहण गर्दै विपत्का बेला महिला तथा किशोरीका लागि यौन तथा प्रजनन स्वास्थ्य सेवालाई निरन्तरताका दिन युएनएफपिएको सहयोगले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो ।

सो अवसरमा युएनएफपिएका नेपाल प्रतिनिधि योङ होङले भन्नुभयो, "मानवीय विपत्का बेला विद्यमान लैङ्गिक विभेद तथा यौन तथा प्रजनन स्वास्थ्यमा गरिने बेवास्ताका कारण महिला तथा किशोरी सबैभन्दा बढी प्रभावित हुन्छन् । अझ प्रभावितका लागि व्यवस्था गरिएका अस्थायी टहरा तथा आश्रयस्थलमा लैङ्गिक हिंसाको जोखिम बढी हुन्छ । सुदूरपश्चिममा मात्र होइन मुलुकका अन्य भागमा समेत मानवीय विपत्का बेला महिला तथा किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी आवश्यकतालाई प्रभावकारीरूपमा सम्बोधन गर्नका लागि सरकार तथा प्रमुख सरोकारवालाहरूलाई तयारी अवस्थामा रहून् भनेर सुनिश्चित गर्न युएनएफपिए प्रतिबद्ध छ।"

विज्ञप्तिमा मानवीय विपत्का बेला महिला तथा किशोरीहरूले यौन तथा प्रजनन स्वास्थ्य तथा लैङ्गिक हिंसा सम्बोधन गर्ने सेवा निरन्तर रूपमा पाइरहून् भनेर सुनिश्चितता गर्न यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी मध्य तथा दीर्घकालीन आवश्यकताहरू पहिचानगर्नका लागि सरकारलाई सहयोग पुऱ्याउन युएनएफपिए साझेदार संस्थाहरूसँग कार्य गरिरहेको जनाइएको छ। रासस

# दसैंमा ११ देखि ३ बजेसम्म अदालत खुल्ने



काठमाण्डु । सर्वोच्च अदालत बडा दसैं २०७९ को बिदाको समयमा पनि बिहान ११ देखि अपराह्न ३ बजे खुला रहनेछ।

दसैं पर्वका अवसरमा घटस्थापनाका दिनदेखि यही असोज २३ गते कोजाग्रत पूर्णिमाका दिनसम्म बन्दीप्रत्यक्षीकरण रिट हेर्न उक्त समय अदालत खुला हुने सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले जानकारी दिनुभयो।

न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजिम उक्त अवधिमा पर्ने घटस्थापना, शनिबार र विजयादशमीका दिनबाहेक अन्य दिनमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन लिई सुनुवाइ हुनेछ ।रासस

# बुधबारदेखि निर्वाचन आचारसंहिता लागू




काठमाण्डु । निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते आइतबारका दिन एकै चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि आजदेखि निर्वाचन आचारसंहिता, २०७९ लागू गरेको छ।

आयोगले आचारसंहिता कार्यान्वयनको सम्पूर्ण व्यवस्था मिलाउन तीनवटै तहका सरकार, विभिन्न व्यक्ति, निकाय र अधिकारीलाई निर्देशन दिएको छ।

आयोगले नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई आचारसंहिता कार्यान्वयन गर्न/गराउन निर्देशन दिएको हो।

सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पनि आयोगद्वारा जारी आचारसंहिता लागू हुनेछ।

निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र भयमुक्त वातावरण कायम गर्न आयोगले गत भदौ १३ गते नेपाल राजपत्रमा निर्वाचन आचारसंहिता, २०७९ प्रकाशन गरेको थियो ।रासस

# शान्ति सेनामा पठाउने गणको स्तरोन्नति

काठमाण्डु। नेपाली सेनाले विश्वशान्ति स्थापना कार्यमा योगदान पुऱ्याएवापत हालसम्म एक लाख ४१ हजार दुई सय ५९ 'शान्ति पदक' प्राप्त गर्न सफल भएको छ। संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकमा स्थापना गरिएका शान्ति मिसनमा रही सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरेवापत सेनाले उक्त सङ्ख्यामा शान्ति पदक प्राप्त गरेको हो।




शान्ति मिसनमा आफ्नो कार्यकाल पूरा गरेर फर्कने सैनिकलाई राष्ट्रसङ्घले शान्ति पदक प्रदान गर्ने चलन छ। संयुक्त राष्ट्रसङ्घको शान्ति यात्रामा हालसम्म एक हजार आठ सय ९६ नेपाली महिला सुरक्षा फौजबाट समेत योगदान भइसकेको छ। विश्वकै सैनिक इतिहासमा सहासिक, व्यावसायिक र अनुशासित सेनाको कोटीमा अब्बल सावित नेपाली सेना अहिले शान्ति सेना धेरै पठाउने मुलुकको सूचीमा दोस्रो बरियतामा छ। विश्वशान्ति कार्यमा अहिले ११ मुलुकका १२ मिसनामा तीन सय ६९ महिलासहित पाँच हजार छ सय २३ नेपाली सुरक्षाफौज तैनाथ रहेका सेनाको शान्तिकार्य निर्देशक सन्तोषबल्लभ पौडेलले जानकारी दिनुभयो।

संयुक्त राष्ट्रसङ्घको शान्तिकार्यमा लेवनानमा पहिलोपटक सन् १९५८ मा संलग्न भएको सेनाले यसबीचमा द्वन्द्वरत विभिन्न राष्ट्रमा स्थापना भएका ४४ शान्ति मिसनमा काम गरेको अनुभव बटुलिसकेको छ । विश्वका कयौं द्वन्द्वग्रस्त मुलुकमा शान्ति कायम गर्ने सिलसिलामा परिचालित हुँदा अहिलेसम्म ७१ सैनिकले वीरगति प्राप्त गरेका छन् भने घाइते सैनिकको सङ्ख्या ६६ पुगेको छ।

संयुक्त राष्ट्रसङ्घले नेपाली शान्ति सैनिकलाई संवेदनशील र महत्वपूर्ण मानिएको क्षेत्रको सुरक्षाका लागि खटाउँदै आएको छ। सेनाका सकल दर्जाले प्राप्त जिम्मेवारीलाई उच्च मनोबलकासाथ कार्यसम्पादन गरेकै कारण राष्ट्रसघबाट पटक-पटक पुरस्कार, कदरपत्र र सम्मानसमेत प्राप्त भएको छ।

द्वन्द्वग्रस्त मुलुकमा खटिएका सेनाका बीचमा नेपाली सेना स्थानीयवासीको रोजाइमा पहिलो नम्बरमा पर्दै आएको छ। नेपालको शान्ति र असंलग्नता नीतिप्रतिको प्रतिबद्धता, नेपाली सेनाको अनुशासन र कर्तव्य परायणका कारण संयुक्त राष्ट्रसङ्घ र स्थानीयको रोजाइमा पर्दै आएको सैनिक प्रवक्ता नारायण सिलवालले बताउनुभयो।

नेपाली सेना जुनसुकै समयमा विश्वका कुनै पनि देशमा तत्कालै परिचालित भएर आफ्नो सैनिक व्यावसायिक, अनुशासित र साहस प्रदर्शन गर्न सक्षम भएकाले छनोट सूचीमा प्राथमिकतामा पर्दै आएको हो । द्वन्दका कारण शान्ति सुरक्षा र आर्थिक अभावमा छटपटाइरहेका स्थानीयवासीलाई मानवीय सहायता प्रदान गर्दै उनीहरूलाई विश्वासमा लिएर शान्ति कायम गर्ने अभियानमा नेपाली सेना अभूतपूर्व सफलता हासिल गर्दै आएको छ। हाल नेपाली शान्ति सेना सिरिया, पश्चिम सहारा, माली, कङ्गो, सेन्ट्रल अफ्रिका, लेबनान, इराक, इजरायल, यमन, सुडान, दक्षिण सुडान र लिवियास्थित शान्ति मिसनमा तैनाथ छ।

पछिल्ला वर्षमा संयुक्त राष्ट्रसङ्घबाट शान्ति सेनाको फोर्स कमाण्डको जिम्मेवारीसमेत नेपाली सेनालाई लगातार उपलब्ध हुँदै आएको छ । यसअघि सात जनाले उक्त जिम्मेवारी सफलताकासाथ पूरा गरिसक्नुभएको छ। संयुक्त राष्ट्रसङ्घलाई नेपाल सरकारले आवश्यक परेको खण्डमा १० हजारको सङ्ख्यामा सैनिक पठाउन सक्ने यसअघि नै प्रतिबद्धता जाहेर गरिसकेको छ।

शान्ति सेनामा खटिएवापत सेनाले प्राप्त गर्ने रकमबाट सैनिक कल्याणकारी कोष सञ्चालित छ । हाल उक्त कोषमा रहेको यथार्थ सम्पत्ति रु ६९ अर्ब तीन करोड ७९ लाखको मुख्य स्रोत भनेको शान्ति मिसन नै हो । उक्त कोष शान्ति सेनामा सहभागी भएवापत संयुक्त राष्ट्रसङ्घबाट प्राप्त रु एक करोड २४ लाख एक हजारबाट २०३२ सालमा स्थापना गरिएको थियो । कोषको रकमको ब्याजबाट सेनाले आफ्ना १० लाखभन्दा बढीको सङ्ख्यामा रहेका हिताधिकारीलाई शिक्षा, स्वास्थ्य, सुविधा तथा सहुलियत र सीप एवं स्वरोजगारका लागि सहयोग प्रदान गर्दै आएको छ।

शान्ति सेनामा नेपालको प्रभावकारी उपस्थितिकै कारण काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा शान्ति सेना खटाउने मुलुकका सेनालाई क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरका तालिमसमेत सञ्चालन हुँदै आएको छ। शान्ति कार्यमा लामो अनुभव हासिल गरेको सेनाले द्वन्द्वग्रस्त मुलुकमा तैनाथ हुँदा अपनाउनुपर्ने सुरक्षा सजगता र कार्यसम्पादनबारे अरु राष्ट्रका सेनालाई तालिम प्रशिक्षण दिनसमेत सक्षम रहेको दाबी गर्दै आएको छ । हाल शान्ति मिसनमा सशस्त्र प्रहरी बलका एक सय ९५ र नेपाल प्रहरीका ३० जनासमेत कार्यरत रहेको जानकारी दिइएको छ । शान्ति मिसनमा महिला सैनिकको सङ्ख्या वृद्धि गर्ने कार्यमा पनि गृहकार्य भइरहेको छ।

सेनाले मिसन इलाकामा वातावरणीय प्रभाव न्यूनीकरणका लागि दुई पक्षीय र बहुपक्षीय कार्यक्रममार्फत नवीकरणीय ऊर्जाको प्रयोग गर्न तथा शान्ति सेनामा पठाउने गणको स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ ।रासस

# भक्तपुर नगरपालिकद्वारा मासु पसल अनुगमन


भक्तपुर । दसैं नजिकिएसँगै बजारमा मासु पसललाई कानुनी दायरामा ल्याउने उद्देश्यले भक्तपुर नगरपालिकाले आज कमलविनायक क्षेत्रका मासु पसलको अनुगमन गरेको छ। नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भएको अनुगमनमा अधिकांश पसल दर्ता नवीकरण नगरेको, फोहर रहेको पाइएको छ।

समितिका संयोजक गोराले भन्नुभयो, "मासु पसलको अनुगमनमा गर्दा मासुमा झिंगा भन्किएको, पसल दर्ता नगर्ने, दर्ता गरेकाले पनि वर्षौंदेखि नवीकरण नगर्ने, मार्बल वा टायल नराखेको, तराजु नवीकरण नभएको, फोहर पानीले मासु सफा गरेको, पानी ढलनिकासमा सजिलै जाने गरी निकासको व्यवस्था नगरेको, कामदारलाई बुट र पञ्जाको व्यवस्था नगरेको पायौं, उनीहरूलाई यो सबै व्यवस्था गर्न निर्देशन दिएका छौं।"

बजार निरीक्षक रामकृष्ण प्रजापतिले अनुगमनका क्रममा नियम पालना नगर्नेको सम्पूर्ण कागजपत्र लिएर तीन दिनभित्र नगरपालिकामा हाजिर हुन निर्देशन दिएको बताउँदै दर्ता नवीकरण नभएका ढकतराजु जफत गरिएको बताउनुभयो ।रासस

# मुटुरोगीको सङ्ख्या बढ्दै

चितवन । जिल्लाका ठूला अस्पतालका मुटुरोग विशेषज्ञले एउटै मञ्चबाट उच्च रक्तचाप, मधुमेह, तनाव, मदिरा, सुर्तीजन्य पदार्थ, मोटोपन जस्ता कारणले दिनानुदिन मुटुरोगीको सङ्ख्या बढ्दै गएको बताउनुभएको छ।



मुटुरोगको उपचार गर्ने चिकित्सकको संस्था 'नेशनल हर्ट एण्ड लङ्ग सोसाईटी' नेपाल र कान्तिपुर हेल्थले आज यहाँ आयोजना गरेको चिकित्सक-पत्रकार अन्तक्रिया कार्यक्रममा उहाँहरूले आम नागरिकमा रोगबाट बच्नका लागि आवश्यक जनचेतना जगाउन नसकिएकामा चिन्ता व्यक्त गर्नुभएको हो।

कार्यक्रममा भरतपुर अस्पतालका मुटुरोग विशेषज्ञ डा मणिप्रसाद गौतमले मुटु रोग तनाव, मधुमेह, धूमपान, व्यायामको अभाव, मदिरा, सुर्तीजन्य पदार्थको बढी उपभोगका कारण हुने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालमा २८ देखि ३० प्रतिशत धूमपान गर्दछन् त्योभन्दा बढी सुर्ती खाने गर्दछन् ।" वर्ष दिनमा एक पटक ७२ दशमलव आठ प्रतिशत नेपालीले मदिरा सेवन गर्ने गरेको अध्ययनले देखाएको भन्दै उहाँले ४८ दशमलव आठ प्रतिशतले नियमित मदिरा सेवन गर्ने गरेको जानकारी दिनुभयो।

पन्ध्र वर्षदेखि ६९ वर्ष उमेरसम्मका समूहमा सन् २०१९ मा गरिएको सर्वेक्षणले यो तथ्य दिएको भन्दै उहाँले समयमा नियन्त्रण गर्न नसकेमा भविष्यमा समस्या जटिल बन्दै जाने बताउनुभयो। नौ दशमलव एक प्रतिशत नेपालीमा मधुमेह रहेको भन्दै उहाँले थप १० प्रतिशत मधुमेहको जोखिममा रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "मधुमेहका बिरामीलाई मुटु रोग हुने उच्च सम्भावना हुन्छ ।" विश्वका १७ प्रतिशत मधुमेयी भारतमा रहेको चर्चा गर्दै नेपाल र भारतको खानपान र जीवनशैली एउटै खालको भएकाले नेपाल पनि उच्च जोखिममा रहेको डा गौतमले बताउनुभयो।

मुटु रोगका लागि बलियो कारक उच्च रक्तचाप बन्दै गएको उहाँको भनाइ छ। उहाँले थप्नुभयो, "वयस्कमा २४ दशमलव पाँच प्रतिशत उच्च रक्तचाप रहेको छ।" नेपालमा मोटोपन र मोटोपन नभए पनि पेट ठूलो हुने हुँदा यो मुटुरोगका लागि जोखिम हुने चिकित्सकले बताउनुभएको थियो। सो अवसरमा चितवन मेडिकल कलेजका मुटुरोग विशेषज्ञ डा श्यामराज रेग्मीले खानपान र जीवनशैलीमा आएको परिवर्तनले मुटुरोगको समस्या बढ्दै गएको बताउनुभयो।

समयमा उपचार गर्न सकेमा जीवन बचाउन सकिने उल्लेख गर्दै उहाँले भन्नुभयो, "विश्वस्तर र काठमाडौंमा रहेका मुटुरोगमा उपयोग हुने प्रविधि अहिले चितवनमा नै छ ।" काठमाडौंको गङ्गालाल हृदयरोग केन्द्रमा १० वर्ष अनुभव हासिल गरेर विगत १० वर्षदेखि चितवनमा उपचारमा सक्रिय डा रेग्मीले उपचारका सबै सुविधा यहाँ भए पनि आम नागरिकलाई विश्वास दिलाउन अझै नसकिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "काठमाडौंका सरकारी अस्पतालको शुल्क र यहाँका निजी अस्पतालको शुल्क एउटै छ, प्रविधि उही छ, तर मोफसलको मानसिकताले बिरामी यहाँ उपचार गराउन हिच्किचाउँछन्।" हृदयघात भएका बिरामीलाई ३० देखि ९० मिनेटभित्र भल्व खोल्नुपर्ने भन्दै उहाँले यहाँ आधा घण्टाभित्रमा नशा खोल्न सकिने बताउनुभयो । मुटुको उपचारको सेवा राजधानी बाहिर सुरु गरेसँगै धेरैको जीवन बचेको छ । डा रेग्मीका अनुसार कृत्रिम मुटु प्रत्यारोपण जस्ता प्रविधि विकास भएको भए पनि नेपालमा त्यो आइनसकेको बताउनुभयो।

चितवन मुटु अस्पतालका मुटुरोग विशेषज्ञ डा शङ्कर लौडारीले मृत्यु भएका चार जना नेपालीमध्ये एक जनाको कारक मुटुरोग हुने गरेको भन्दै खानामा चिल्लो र गुलियो बस्तु घटाउन आग्रह गर्नुभयो। पछिल्लो समय प्रदूषण पनि मुटुरोगको कारण बन्ने गरेको चर्चा गर्दै डा लौडारीले भन्नुभयो, "हावा प्रदूषणले २५ देखि २७ प्रतिशत मुटुका रोग निम्ताउँछन् ।" प्रदूषणले मुटुदेखि क्यान्सरसम्मका रोग निम्त्याउने उहाँको भनाइ थियो।

तनाव मुटुरोगको अर्को कारण रहेको भन्दै उहाँले तनाव व्यवस्थापनमा लाग्न सुझाव दिनुभयो। जनचेतना जागृत गराउन विश्वभर मुटु दिवस मनाउने गरेको भन्दै उहाँले सबै मिलेर जनचेतना जगाउनुपर्नेमा जोड दिनुभयो।

नारायणी सामुदायिक अस्पतालका मुटुरोग विशेषज्ञ डा सुधीर रेग्मीले छाती दुख्नु, रिंगटा लाग्नु, बेहोस् हुनु जस्ता मुटुरोगका लक्षण भएको बताउनुभयो। छाती दुख्यो भनेर आउनेको मोटोपन, तनाव, पेसा आदि बुझेर मुटुरोगको शङ्का लागेमा थप परीक्षण गरिने जनाउँदै उहाँले भन्नुभयो "मुटुरोगको शङ्का लागेमा तुरुन्त चिकित्सकको परामर्श लिनुपर्छ।"

मुटुरोगको आशङ्कामा आउने बिरामीलाई गरिने उपचार पद्दतिका बारेमा बताउँदै उहाँले मुटु रोगको आशङ्का लागेमा हेलचक्र्याइ गर्न नहुने बताउनुभयो। मुटुरोग जन्मजात पनि हुने भन्दै उहाँले ४० वर्षपछि मुटुरोग हुने जोखिम बढ्दै जाने बताउनुभयो। सरकारले मुटुरोगका बिरामीलाई गर्ने सहयोग अपुग भएको भन्दै उपचारमा निःशुल्क गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "कम्तीमा मुटु रोगको आकस्मिक बिरामीलाई चाहिने औषधि र उपकरण निःशुल्क गर्नुपर्छ।"

कलेज अफ मेडिकल साईन्सेस शिक्षण अस्पतालका मुटुरोग विशेषज्ञ डा मनोज श्रेष्ठले वंशाणुगत बाहेक मुटुरोगबाट बच्न सकिने बताउनुभयो। उहाँले नेपालमा खानपान मुख्य समस्या रहेको भन्दै रातो मासु, चिल्लोयुक्त खाना, तेलमा भुटेको तारेका तयारी खाना खान नहुने बताउनुभयो । उहाँले भन्नुभयो "खानामा फलफुलु र तरकारीको मात्रा बढाउनु पर्छ।" शारीरिक व्यायाम गर्न सुझाव दिँदै उहाँले हप्तामा पाँचदेखि छ दिन २० देखि ३० मिनेट हिँड्न सुझाव दिनुभयो। रासस

# तीन वर्षपछि क्याथे प्यासेफिकले हङकङ-काठमाण्डु उडान सुरु गर्दै




काठमाण्डु। कोभिड-१९ को महामारीका कारण स्थगित भएको हङकङको राष्ट्रिय ध्वजावाहक क्याथे प्यासेफिकले हङकङ-काठमाडौं पुनः उडान सुरु गर्ने भएको छ । कोरोना महामारीका कारण स्थगित भएको क्याथे प्यासेफिकको हङकङ-काठमाण्डु उडान तीन वर्षपछि पुनः सुरु हुन लागेको हो।

उक्त कम्पनीले १ अक्टोबर अर्थात् यही असोज १५ गतेदेखि काठमाडौं-हङकङ रुटमा उडान गर्नका लागि पत्र पठाएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरले बताउनुभयो।

उहाँले भन्नुभयो, "क्याथे प्यासेफिकले हङकङ-काठमाडौं पुनः उडान गर्न पत्र पठाएको छ, कोरोनाले स्थगित भएको हङकङ-काठमाण्डु उडान पुनः सञ्चालन हुने छ।"

कोभिड-१९ का कारण क्याथे प्यासेफिकले विगत तीन वर्षदेखि काठमाण्डु-हङकङ उडान रोकेको थियो । हङकङमा नेपाल एयरलाइन्सले भने नियमित उडान गरिरहेको छ । उक्त कम्पनीले हरेक शनिबार साताको एक उडान गर्ने गरी काठमाडौंका लागि योजना बनाएको बताइएको छ ।रासस

# चट्याङ लागेर सुनसरीमा दुईको मृत्यु

इनरुवा । सुनसरीको देवानगञ्ज गाउँपालिकामा आज चट्याङ लागेर दुईजनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा देवानगञ्ज गाउँपालिका-१ का ४५ वर्षीया रीतादेवी यादव र वडा नं २ का उदितचन्द्र यादव रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक राजकुमार राईले जानकारी दिनुभयो।

भैंसीलाई गोठमा पानी खुवाइरहेका बेलामा चटयाङमा परेर रीतादेवीको मृत्यु भएको छ भने घर नजिकै रहेको खेतमा घाँस काट्ने क्रममा पानीसँगै आएको चट्याङमा परेर उदितचन्द्रको मृत्यु भएको प्रहरी नायब उपरीक्षक राईले जानकारी दिनुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

# ब्रम्हाण्डको सृष्टिकर्ता माता कुष्माण्डाको पूजा

*सुरासम्पूर्णकलशं रुधिराप्लुतमेव च।*
*दधाना हस्तपद्माभ्यां कुष्मांडा शुभदास्तु मे॥*

बडा दशैंमा चौथो दिन माता कुष्माण्डाको पूजा गरिन्छ। माता कुष्माण्डा दूर्गा भवानीको चौथो रुप मानिन्छ। आफ्नो मधुर मुस्कान सहित अण्ड अर्थात ब्रम्हाण्डको उत्पति गरेको कारण उनको नाम कुष्माण्डा देवीको रुपमा प्रख्यात भएको हो।जुन बेला सृष्टि थिएन् ।पृथ्वी थिएन् ।सर्वत्र अंघकार थियो। त्यती बेला माता कुष्माण्डाले नै आफ्नो मन्द हास्यबाट ब्रम्हाण्डको रचना गर्नु भयो। त्यसै कारण उहाँलाई यो संसारको आदिस्वरुपा वा आदिशक्ति भनिन्छ ।देवी कुष्माण्डाले नै ब्रम्हाण्डको रचना गरेकी हुन्।

माता कुष्माण्डाको आठवटा हात छन् । त्यसकारण उहाँको नाम अष्टभुजाधारीपनि हो ।उहाँको सातवटा हातमा क्रमशः कमण्डल, धनुष, बाण, कमल-पुष्प, अमृतपूर्ण कलश, चक्र र गदा शुशोभित छन्। आठौ हातमा सम्पूर्ण सिद्धी तथा निधी प्रदान गर्ने कल्याणकारी जप माला रहेको छ।

माता कुष्माण्डाको सवारी सिंहमा हुने गर्छ ।उहाँलाई सिंहको सवारी मन परेको हो ।तर मातालाई कुम्हर(एक प्रकारको तरकारी)को बलि अत्यन्त प्रिय छ ।कुम्हरलाई संस्कृतमा कुष्माण्ड भनिन्छ ।उहाँको नाम कुष्माण्डा परेको कारण त्यसलाई मानिएको छ ।माता कुष्माण्डाको वास सूर्यमण्डलको भित्रको लोकमा छ ।सूर्यलोकमा रहने क्षमता उहाँमा मात्र छ ।सूर्यको तेजलाई वर्दास्तगर्ने क्षमतावान वैभवशाली माता कुष्माण्डाको शरिरको कान्ति र प्रभा सूर्यकै समान दैदिप्यमान (चम्किलो) छ ।उहाँको तेजबाट नै दसौं दिशा उज्जवल र आलोकित छ।ब्रम्हाण्डमा व्याप्त सबै वस्तु र प्राणीमा उहाँकै तेज व्याप्त छ ।माता कुष्माण्डाको तेजले नै संसार तेजिलो बनेको छ।



अत्यन्त शान्त भाव, मन स्वच्छ र शरिरलाई पवित्र गरी नवरात्रिको चौथो दिन पूजा आरधना गर्नु पर्छ। यसले भक्तहरुको रोग र शोकको नाश हुन्छ ।साधकहरुको आयु, यश, बल, आरोग्य प्राप्त हुन्छ ।माता कुष्माण्डा थोरै पूजाबाट प्रसन्न हुन्छिन्।उहाँको पूजाका लागि धेरै सामग्रीको पनि आवश्यकता पर्दैन्। तर उहाँको पूजा स्वच्छ र पवित्र तनमनले गरे चाँडै वर प्राप्ति हुन्छ। सच्चा मनले पूजा गर्नेहरुलाई सहजतासित नै परमपद प्राप्त हुन्छ।

विधि-विधानले पूजा गर्दा भक्तलाई अल्प समयमा नै माताको कृपाको सूक्ष्म भाव अनुभव हुन थाल्छ ।देवी कुष्माण्डाले आधीँ, व्यवधान लगायतबाट मुक्त गरी सुख-समृद्धि तथा उन्नति प्रदान गर्नु हुन्छ। अंततः यसै देवीको उपासनामा सँधै तत्पर रहनु पर्छ।

बडा दशैंमा दश दिन सम्म नै श्रद्धालुहरुले माता दूर्गा भवानीको विभिन्न स्वरुपको पुजा गर्छन् ।पहिलो दिन माता शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन माता चन्द्रघण्टा र चौथो दिन कुष्माण्डाको पूजा गरिन्छ ।आदिशक्ती स्वरुपा दूर्गा भवानी एउटै भएपनि विभिन्न कालखण्डमा विभिन्न स्वरुपमा अवतरित भएर असंभव कार्यहरुलाई सहजै संभव बनाएकी हुन्।

दश दिन सम्म बडा दशैं रहेपनि नौ दिन सम्म मात्र नौ स्वरुपको पूजा हुन्छ ।माता दूर्गाको मन्दिरहरु अथवा पण्डाल र मूर्ती स्थापना गरी गरिने पूजामा सबै स्वरुपको मूर्ती बनाईएको देखिदैन् ।मन्दिर र पण्डालहरुमा दूर्गा भवानीसँगै भगवान गणेश, माता लक्ष्मी, सरस्वती, भगवान शंकर लगायतका देउताहरुको पनि मूर्ती स्थापना गरिएको हुन्छ ।तर पूजा विधि विधान अनुसार नौ दिन सम्म माता दूर्गाकै विभिन्न स्वरुपको पूजा गरिन्छ।

## सम्पादकीय

# बजार अनुगमन गर

पर्व त्यौहारको बेला मुनाफाखोर केही व्यवसायीहरुले कमसल सामान महँगोमा बेच्ने गरेका छन् ।हिन्दूहरुको महान चाड बडा दसैं, दीपावली र छठ पर्वको बेला उपभोक्ताहरु सर्वाधिक ठगिने गरिन्छ ।म्याद गुज्रेका, कमसल सामानहरु पर्वत्यौहारको बेला नगदमा बेचेर मुनाफाखोर व्यवसायीहरुले उपभोक्ताको स्वास्थ्य र आर्थिक दुबै क्षेत्रमा क्षति पुऱ्याउ छन् ।वर्षभरि नै बिक्री हुन नसकेका सामानहरु पर्वत्यौहारको बेला आकर्षक उपहारहरु राखेर बिक्री गरिन्छ ।विभिन्न निकायहरुले दसैंमा आयोजना गर्ने 'सस्तो बजार'मा पनि उपभोक्ताहरु ठगिने गर्छन् ।अनेक उपहार राखिएको वस्तुहरुको गुणस्तर कमजोर र बजारको पुरानो मूल्य भन्दा बढी मूल्य राखिएको हुन्छ ।दसैंको अवसरमा आयोजना गरिने बजारमा गुणस्तरीय सामान सस्तोमा उपलब्ध हुने उपभोक्ताको विश्वास रहेको देखिन्छ ।दसैंको बेला पसलहरुमा समेत आकर्षक उपहारहरु राखेर सामान बिक्री गरिने चलन छ ।कतिपय पसलले सामानहरुमा विशेष छुटको घोषणा गरेको हुन्छ ।तर त्यो छुटको सम्बन्ध गुणस्तरसित हुन्छ ।गुणस्तरीय सामानहरुको मूल्य सस्तो गरेर बिक्री गर्न सक्ने संभावना नै हुँदैन् ।सर्वसधारण उपभोक्ताहरु पर्वत्यौहारको बेला बढी नै ठगिने गरिन्छ ।उनीहरुले गुणस्तर अथवा त्यसको म्यादलाई बेवास्तागर्दै सस्तोलाई प्राथमिकता दिने गर्छन् ।सस्तो वस्तु खरिद गर्ने क्रममा कमसल वस्तु लिने गरेको उपभोक्ताहरुलाई ठगीबाट जोगाउन बजारमा अनुगमन हुनु आवश्यक छ ।पर्वत्यौहारको बेला आयोजना गरिएका सस्तो बजार अथवा पसलहरुमा दिने आकर्षक छुट, होटेल तथा मिठाई पसलहरुको परिकार, किराना पसलको मूल्य लगायतलाई जिल्ला अनुगमन समितिले निरन्तर रुपमा अनुगमन गर्नुपर्छ ।हुनत बजारमा अनुगमन गर्ने कार्यलाई वर्षभरि नै निरन्तरता दिनुपर्छ ।खास गरी पर्वत्यौहारको बेला अनुगमनलाई प्रभावकारी ढंगले नियमित रुपमा जारी राख्नुपर्छ ।बजारलाई अनुगमन गर्ने निकायहरुमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, गुणस्तर नियन्त्रण कार्यालय लगायतको समिति रहेकाले उपभोक्तालाई ठग्ने निकायलाई कडा कारवाही गर्न सकिन्छ ।उपभोक्ता हित संरक्षण ऐनलेपनि बजार अनुगमन समितिलाई कारवाहीको पर्याप्त अधिकार दिएको छ ।बजारमा मूल्य नियन्त्रण गर्ने निकाय सरकार हो ।तर हाल चुनावको समय रहेकाले सरकार त्यस्ता काम गर्न सक्दैन् ।अनेक उपहार राखेर उपभोक्तालाई आकर्षित गर्ने उद्योगी, व्यवसायीहरुले नगदमा मालसमान बेचेर पनि पर्याप्त मुनाफा आर्जन गरेको देखिन्छ ।गुणस्तरीय सामानहरु उपलब्ध गराए पनि व्यवसायीहरुको मुनाफामा कमी आउने छैन् ।तैपनि केही मुनाफाखोर व्यवसायीहरुले सर्वसधारणको स्वास्थ्यसित खेलवाड गरेको पाइन्छ। समितिले गुणस्तर र मूल्यको नियमित रुपमा अनुगमन गर्नु पर्छ।

# एक पूर्व वामपन्थीको विचारमा सि जिनपिंगका कमजोरीहरु



श्रीमन नारायण

चिनिया कम्युनिष्ट पाटीका एक पूर्व प्रभावशाली नेता तथा पार्टीको अनुशासनात्मक कारवाही पश्चात निर्वासनमा जीवन विताइरहेका काई भियाले चिनिया कम्युनिष्ट पार्टीको संरचनात्मक अवस्था, पार्टीभित्र कार्यकर्ताको मूल्याङ्कन प्रणाली र देशका वर्तमान राष्ट्रपति सि जिनपिंगको राजनीतिक सफलताका बारेमा सुक्षम विश्लेषण गर्दै धेरै कुराको रहस्योद्घाटन गरेका छन्। चिनिया राष्ट्रपति शी जिनपिंग आफूलाई जतिसुकै सफल र शक्तिशाली चिनिया नेताको रुपमा र एउटा कुशल शासकको दावी गरेपनि यथार्थमा उनको यस गर्वोन्माद र अहंकारले चीनलाई अप्रत्याशित खतराको संघारमा पुऱ्याइरहेको उनले दावी गरेका छन्। धेरै समय भएको छैन जब उनले आफूलाई सपलताको शिखरमा पुऱ्याउन सकेकोमाआत्ममुग्ध थिए । चिनिया कम्युनिष्ट पार्टीमा पनि आफ्नो वर्चस्व कायम गर्न उनी सफल भएका छन् । यहाँसम्मकि आफूलाई चिनिया कम्युनिष्ट पार्टीका र देशका महान नेता माओत्सेतुङको समकक्ष उभ्याउन अथवा उनी भन्दा पनि शक्तिशाली बनाउन राष्ट्रपति पदको सिमालाई नै हटाउने काम गरेका छन् अब तेस्रोपटक राष्ट्रपति बन्ने कुरामा शंका रहेन । कतिपयले त उनी बाँचुञ्जेलसम्म नै राष्ट्रपतिको पदमा रही रहने महत्वाकांक्षा पालेको आरोप पनि लगाइरहेका छन्।

शीले आफ्नो देशमा गरिबी कम भएको दावी गरेका छन् । अन्तराष्ट्रिय जगतमा देशको प्रतिष्ठा बढाउने काम आफूले गरेको दावी पनि उनले गरेका छन्। चीनले प्रगतिको नयाँ उचाई हासिल गरेको उनी ठान्दछन् । कतिपय चिनियाहरुको निम्ति शीको बलियो रणनीति राष्ट्रिय पुनरुद्धारको स्वीकार्य मुल्य पनि थियो । बाह्य रुपमा शीलाई अहिले पनि यस कुरामा विश्वास रहेको छ शायद त्यही भएर होला सन् २०२१ मा एउटा सम्बोधनमा उनले चीनलाई अजेय(अपराजित) घोषणा गरेका थिए तर उनको दावी र शक्तिमाथि विश्वास नराख्ने चिनियाहरु अहिले पनि परोक्षरुपमा उनको शक्तिमाथि प्रश्न उठाइरहेका छन्।

सामूहिक शासनको लामो चिनिया परम्परालाई परित्याग गरी र माओत्सेतुङलाई घेर्ने व्यक्तित्वको स्मरणलाई समेत पुनरावृत्ति हने गरी पाटीको अदृश्य सूत्रहरुलाई सूचिकृत गर्ने काम उनले गरेको आरोप पनि छ। यसैबीच नीतिगत रुपमा नै गलत पाइलाहरु चालिएका कारण तिनका समर्थक पनि दुःखी र निराश हुँदै गएका छन्। शीको आर्थिक सुधारको असफलता र कोभीड-१९ महामारीप्रतिको हलुको र गैरजिम्मेवार प्रतिक्रियाले साधारण जनताका नायकको उनको छविलाई ध्वस्त पार्ने काम गरेको छ। यसको दुष्परिणाम भनेको सिपिसीको गुटहरुमा आक्रोश बढ्दै जानु हो।

काइभिया आफ्नो निजी अनुभव र पीडालाई पोख्दै सिसीपीका कतिपय कमजोरपक्षको पनि उजागर गरेका छन्। करिब डेढदशकसम्म सिपसीको केन्द्रीय स्कूल विभागमा प्रध्यापकको रुपमा काम गरको र सिपिसीको नेतृत्व पंक्तिमा रहेका उनले सिपिसीका उच्च तहका हजारौं नेतालाई प्रशिक्षण दिएको दावी गर्दछन्। उनीबाट प्रशिक्षित हजारौं कार्यकर्ता अहिले चीनका विभिन्न सरकारी उच्च पदमा शुशोभित छन् । आफ्नो कार्यकालका दौरान स्कुलमा प्रशिक्षणका बेला पार्टीको निर्माण गर्न अनेकौं नेतालाई सुझाव दिएको दावी गर्दछन्। २०२० मा शीको आलोचना गरेका कारण आफूलाई पार्टीबाट निकाल्ने काम भएको र आफ्नो पेन्सनलाई समेत खोसी सुरक्षामाथि पनि खतरा आउनसक्ने चेतावनी दिने काम भएको काइ भियाको आरोप छ । आफू अब संयुक्त राज्य अमेरिकामा निर्वासनमा बस्दै आएको भए पनि स्वदेशका आफ्ना चिनिया मित्रहरुको सम्पर्कमा अहिले पनि रहेको दावी गर्दछन्।

सिसिपीको २० औं नेशनल पार्टी काँग्रेसमा ह्रास आएको भएपनि आफूलाई तेस्रो कार्यकाल प्राप्त हुनेमा शी ढुक्क छन्। पार्टीकै केही शीर्षपंक्तिका नेताहरु उनको विरोधमा रहेका कारण शीको प्रस्ताव निर्विरोध पार्टी हुने अवस्था त छैन तर पनि उनी सफल हुनेमा संका छैन। उनको यस सफलता पश्चात संभवतः विरोधको स्वर देखापर्न सक्दछ र जनता प्रदर्शनको निम्ति घर बाहिर पनि आउन सक्दछन् तर अभूतपूर्व कार्यकालबाट उत्साही शी सम्भवतः घरेलु स्तरमा पनि आफ्नो बर्चस्वलाई थप बलियो पार्ने प्रयास गर्नेछन्। अन्तराष्ट्रिय स्तरमा पनि आफ्नो महत्वकांक्षा बढाउने प्रयास गर्नेछन्।

जसरी जसरी शीको कार्यकाल लम्बिदै जानेछ उनकै कारण उत्पन्न नीति विरुद्ध आन्तरिक कलह बढ्दै जानेछ र जनआक्रोस पनि तीब्र हुनेछ। पार्टीभित्र पनि विभिन्न गुटहरु बीच प्रतिस्पर्धा तीब्र, जटिल र क्रुर हुँदै जानेछ। त्यस्तो अवस्था चीन एउटा दुष्चक्रको सामना गर्न सक्ने अवस्थामा पनि उत्पन्न हुन सक्ने काई भियाको अनुमान छ। आक्रोशित भएर शी झन उग्र एवम् आक्रामक तरिकाको सहारा लिनेछन् र उनको सल्लाहकारहरु पनि थप गलती गर्न उत्साही गर्नेछन् । खासगरिकन ताइवानमाथि आक्रमण । देंग जियाओपिङको कार्यकालदेखि अहिलेसम्म चीनले प्राप्त गरेको आर्थिक सफलता पनि नराम्ररी प्रभावति हुने अनुमान उनको रहेको छ। एक स्थिर र सक्षम नेतृत्वका लागि प्रतिष्ठा पनि चाहिन्छ जो अघिदेखि नै चीनसित रही आएको छ तर अब यसमाथि पनि आँच आउन सक्दछ।

सन् १९९४ मा पार्टी सत्तामा आएयता सिपिसीमा धेरै कम परिवर्तन भएका छन्। अब यस पार्टीले देशमाथि पूर्णरुपले नियन्त्रण कायम गर्न सकेको छ। दशेको सेना, प्रशासन र नाम मात्रको विधायिकामा पनि यसले नै शासन गर्दछ। सन् २०१२ देखि शी जिनपिङले पार्टीमाथि आफ्नो पूर्ण नियन्त्रण कायम गरेपछि पार्टी निर्णायक र उच्च समितिहरुलाई पनि आफ्नो सुविधाका हिसावले सन्चालन गर्ने गरेको काई भियाको आरोप छ । खासगरीकन महासचिव नेतृत्वको स्थायी समिति र ५ देखि ९ जनासम्मको पोलिटव्यूरोमा पनि उनकै वर्चस्व रहने गरेको छ। स्थायी समितिको बैठकमा यसको विवरणलाई गोप्य रुपमा संरक्षित गरी राखिएको हुन्छ। तर व्यापकरुपमा यो जानकारी भएकै विषय हो कि कतिपय निर्णय, प्रमुख नीतिगत प्रश्नहरुबारे दस्तावेजमार्फत छलपल पश्चात नै गरिन्छ। सदस्यहरु किनारामा आफ्नो टिप्पणी लेख्ने गर्दछन् । यस्ता पत्रहरु, मन्त्रालयका अधिकारी, पार्टीका विभिन्न अङ्गका शीर्ष नेताहरुका साथै विश्वविद्यालय र थिंक ट्याङ्कका विशेषज्ञहरुद्वारा लेख्ने गरिन्छ।

आफू एक प्राध्यापक रहेको र सेन्ट्रल पार्टी स्कूल विभागमा झण्डै एक महिनामा यस्ता मेमोको उत्पादनका लागि एउटा कोटा नै निर्धारण गरिएको थियो र एउटा प्रोफेसरको मासिक तलबबाट करीब डेढ हजार डलरको रुपमा इनाम प्रदान गरिएको काइ भियाको दावी छ।

दलिय व्यवस्थाको एउटा अर्को विशेषता निरन्तररुपमा कायम रहँदै आएको छ र त्यो हो व्यक्तिगत सम्बन्धको महत्व, जब पार्टी संगठन भित्र कसैको उत्थानको कुरा आउँछ अनि व्यक्तिगत सम्बन्ध जसमा कसैको पारिवारिक प्रतिष्ठा र कम्युनिष्ट वंशावली शामिल रहेको हुन्छ। त्यो पनि त्यति नै अर्थ राख्दछ जति कि व्यक्तिको क्षमता र विचारधारा। वर्तमान राष्ट्रपति शी जिनपिङ आफ्नो बुबाको नाम प्रभावको कारण कसरी एक पछि अर्को खुड्किला पार गर्दै राजनीतिको शीर्षसम्म पुगे त्यसबारे पनि काई भियाले विस्तारपूर्वक बताएका छन्।

शी जिनपिङको राजनीतिमा बढ्दो वर्चस्व चिनिया प्रचारवाजीको देन हो भन्ने मान्यता एक थरिको रहेको छ भने केहीको नजरमा उनी आफ्नो क्षमताको भरमा अगाडि बढेको धारणा छ यथार्थमा पहिलो मान्यता नै विश्वासिलो छ किनभने उनको सफलतामा उनको बुबा शी झोगजुनको राजनीतिक पृष्ठभूमी बढी सहयोगी सावित भएको छ। उनका बुबा सिपिसिका नेता क्रान्तकारी छविका र विवादरहित नेता थिए साथै माओत्सेतुङको शासनमा केही समयका लागि प्रचार मन्त्री पनि थिए सन् १९८० मा जतिबेला शी जिनपिङ् उत्तरी प्रान्त हेवइका पाटी काउण्टी प्रमुख थिए त्यतिबेला उनकी आमाले पाटीका प्रादेशिक प्रमुखलाई एउटा पत्र लेखी शीलाई पार्टी संगठनमा महत्वपूर्ण स्थान दिन आग्रह गरेकी थिइन तर त्यतबेलाका अधिकारी गाओआङले त्यसको नोटको महत्व दिएनन उल्टै प्रान्तको पोलिटव्यूरो र स्थायी समितिको बैठकमा उक्त नोटलाई सार्वजनिक गरेर उनको परिवारलाई लज्जित पार्ने काम गरे किनभने त्यतिबेला यस्तो गर्नु पार्टीको नयाँ अभियानको उल्लंघन थियो।

शीले आफ्नो त्यस अपमानलाई कहिल्यै विर्सेनन । सन् २००९ मा जब गाओको निधन भयो अनि शीले तिनको अन्तिम संस्कारमा पनि सहभागिता जनाएनन् यो परम्पराको उल्लंघन थियो किनभने दुवैजनाले सेन्ट्रल पार्टीको स्कूलको अध्यक्षको रुपमा काम गरेका थिए। एउटा क्याडरको क्यारियरको सम्मान गर्नेकाम भएन तर शीको बचाउनमा आए फुजियानका पार्टी प्रमुख बुआ जो शीका बुआ जो शीका बुआको विश्वासपात्र थिए र त्यसपरिवारले त्यतिबेला एउटा दुर्लभ पुनर्मुल्याङ्गनको परिपाटी त्यस प्राप्तमा बसालेको थियो।

सन् १९८८ मा एउटा स्थानीय चुनावमा डेपुटी मेयरको लागि आफ्नो प्रस्ताव असफल भएपछि शीलाई पार्टी प्रमुखको रुपमा बढुवा गरिएको थियो । एकपटक मध्यम प्रदर्शनका कारण उनी कमजोर पनि पर्दै गएका थिए । सिसिपीमा जिल्लास्तरबाट प्रान्तीयस्तरमा जान एउटा कठीन खुड्किलो पार गर्नुपर्दछ र यसलाई पार गर्न धेरैसमय लाग्ने गर्छ। तर यहाँनिर पनि उनको पारिवारिक सम्बन्धले हस्तक्षेप गर्ने काम गऱ्यो। सन् १९९९ मा जतिबेला शी की आमाले फुजियानमा नयाँ पार्टी नेता जिकिगलिन सामु एउटा निवदेन लेखिन र शीलाई प्रान्तीय राजनधानीमा सरुवा गर्ने काम भयो। जस्तोकि सबैखाले तल्लो स्तरका कार्यकर्तालाई थाह भएकै कुरा हो कि सिपिसीको भऱ्याङ चढ्नको लागि एउटा माथिल्लो स्तरको कुनै उच्च तहका नेताको आवश्यकता हुन्छ। शीको मामिलामा यो निकै अनुकूल सावित हुँदै गयो। किनभने पार्टीका कतिपय नेता उनको बुबालाई निकै सम्मान दिने गर्दथे। उनको पहिलो महत्वपूर्ण गुरु गेग विआओ थिए जो एक शीर्ष राजनीतिज्ञ र सैन्य अधिकार थिए जसले कुनैबेला शीका बुबाको निम्ति पनि काम गरेका थिए। सन् १९७९ मा उनले संरक्षकको रुपमा कलिलो उमेरमा शीलाई संरक्षण प्रदान गरेका थिए। यस्ता किसिमको संरक्षण उनलाई शुरुदेखि प्राप्त भइरह्यो । उच्चस्तरीय अधिकारीहरुमा प्रत्येकको आफ्नो बंशावली हुने गर्दछ किनभने पार्टी संगठन भित्रका नेताहरुनै आफ्नो निहित स्वार्थको पूर्तिका लागि एउटा समूह अथवा गूट नै बनाउका हुन्छन् । बैचारिकरुपमा अघि सारिएको विवाद सिसिपीभित्र वादविवादलाई परिष्कृत हुने कमै अवसर प्राप्त हुने गर्दछ जबकि विभिन्न बंशहरुबीच सत्तासंघर्षभने जारी रहन्छ। यस्तोकिसिमको व्यवस्थाले व्यक्तिगत निष्ठाप्रतिको जालोलाई जन्म दिने गर्दछ। यदि कसैका गुरु मुख्यपक्षबाट बाहिर हुन्छ भने ती कार्यकर्ता र नेता अनाथ हुने गर्दछन्।

काइ भियाले त सिसीपीलाई एउटा राजनीतिक दलको संगठन पनि मान्न तयार छैनन् किनभने पार्टी नेतृत्व र तिनका मुनिका नेताहरुको काम गर्ने शैली धाक र धम्की हुने गर्दछ । आपसमै सत्ताको बाँडफाँड गर्दछन् र प्रत्येकमा विभागको विभाजन हुन्छ । कसैलाई विदेशनीति, अर्थव्यवस्था, भ्रष्टाचार विरोधी निकाय आदिको जिम्मा दिइएको हुन्छ तर सबैको प्रमुख पार्टी नेतृत्व नै हुने गर्दछ।

# डेङ्गी: शङ्का लागे के गर्ने, निःशुल्क परीक्षण कहाँकहाँ हुन्छ

**बीबीसी**

लामखुट्टेको टोकाइबाट सर्ने डेङ्गीबाट नेपालमा यो वर्ष अहिलेसम्मकै सबैभन्दा धेरै मानिस सङ्क्रमित भएका छन्। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार यो वर्ष मङ्गलवारसम्म मात्रै गत वर्षको तुलनामा ५१ गुना बढी र एक दशकअघिको तुलनामा १५०.६ गुना बढी मानिसहरू डेङ्गीबाट सङ्क्रमित भइसकेका छन्।

नेपालमा पहिलो पटक वि.सं. २०६१ सालमा पहिचान भएको डेङ्गी प्रकोपकै रूपमा फैलिएको र काठमाण्डू उपत्यकामा सबैभन्दा धेरैलाई बिरामी बनाएको अधिकारीहरूले बताएका छन्।

रोग नियन्त्रण महाशाखाको विवरणअनुसार यो वर्ष मात्रै अहिलेसम्म २७,५०० भन्दा धेरै जनामा डेङ्गी पुष्टि भइसकेको छ। तीमध्ये ३२ जनाको मृत्यु भएको छ।

तर सामान्य लक्षण देखिएका केही बिरामी परीक्षण गराउन नगएको हुनसक्ने भएकाले सङ्क्रमितको सङ्ख्या अझ उच्च हुनसक्छ।

### कहाँ भेटिए धेरै संक्रमित?

अधिकांश बिरामी काठमाण्डू उपत्यकासहित बागमती प्रदेशमा फेला परेको अधिकारीहरूले बताएका छन्।

काठमाण्डूः ९,५९६
ललितपुरः ६,४९८
मकवानपुरः २,६९२
दाङः १,४१०
भक्तपुरः १,०७६

डेङ्गी मनाङबाहेक अरू सबै ७६ जिल्लामा पुगिसकेको सरकारी तथ्याङ्कले देखाउँछ।

### डेङ्गी परीक्षण गर्न कहाँ जाने?

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. सञ्जय कुमार ठाकुरका अनुसार देशभरिका प्रमुख सरकारी अस्पताल, जिल्ला अस्पताल र केही स्वास्थ्य चौकीमा डेङ्गी परीक्षण गर्ने सुविधा दिइएको छ।

काठमाण्डू उपत्यकाकाको हकमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, वीर अस्पताल, पाटन अस्पताल, त्रिवि शिक्षण अस्पताल लगायतका प्रमुख सरकारी अस्पतालमा डेङ्गीको परीक्षण हुँदै आएको छ।

सरकारीबाहेक धेरैजसो निजी अस्पतालले पनि डेङ्गी परीक्षण गरिरहेका छन्। तर निजी अस्पतालले सङ्क्रमितहरूको विवरण सरकारलाई उपलब्ध गराउने प्रचलन नरहेका कारण कति निजी अस्पतालमा यसको परीक्षण हुन्छ भन्ने मन्त्रालयलाई पनि थाहा नभएको रोग नियन्त्रण महाशाखाका अधिकारी गोकर्ण दाहालले बताए।

### डेङ्गी परीक्षण गर्न कति खर्च लाग्छ?

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारी अस्पतालहरूलाई डेङ्गी परीक्षणका लागि आवश्यक हुने किट निःशुल्क उपलब्ध गराउँदै आएको छ। त्यस कारण सरकारी अस्पतालमा डेङ्गी परीक्षण गराउँदा शुल्क लाग्दैन। तर निजी अस्पतालहरूले भने डेङ्गी परीक्षणका लागि १,५०० देखि २,००० रुपैयाँ सम्म लिने गरेका छन्।

### के घरमै परीक्षण गर्न सकिन्छ?

किटको सहायताले परीक्षण गरिने भए पनि यसको परीक्षण कोभिडको जस्तो घरमै गर्न नमिल्ने रोग नियन्त्रण महाशाखाका प्रमुख चुमन लाल दासले बताए।

"डेङ्गी भए नभएको थाहा पाउन एन्टीजन र एन्टीबडी विधिका तीन किसिमका परीक्षण गर्न सकिन्छ। तर रीयाक्टर ल्याबमा मात्र उपलब्ध हुने भएकाले परीक्षणका लागि अस्पताल नै जानुपर्ने हुन्छ," ठाकुरले भने।

### कुन अवस्थामा परीक्षण गर्ने?

विशेषज्ञहरूले ज्वरो आउने, आँखा दुख्ने, शरीर गल्ने र कतिपयलाई बान्ता आउने र पखाला लाग्ने जस्ता लक्षण डेङ्गीको सङ्क्रमणमा देखिने गरेको बताउने गरेका छन्।

शुक्रराज ट्रूपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट प्रमुख डा. शेरबहादुर पुन लक्षण देखिनेबित्तिकै यसको परीक्षण गराउनुपर्ने र रगतमा प्लेटलेट्सको मात्रा पनि जाँच गराउनुपर्ने बताउँछन्।

प्लेटलेट्सको मात्रा अत्यधिक घटेको अवस्थामा डेङ्गी सङ्क्रमितलाई अस्पताल भर्ना हुन चिकित्सकहरूले सल्लाह दिने गरेका छन्।

### संक्रमण फैलन नदिन के गर्ने?

स्वास्थ्य मन्त्रालयका प्रवक्ता ठाकुरका अनुसार घरवरपर पानी जम्ने खाल्डाखुल्डी पुर्ने तथा केही दिन बिराएर सरसफाइ गर्ने गर्दा लामखुट्टे नियन्त्रण गर्न र डेङ्गीको सङ्क्रमणबाट बच्न मद्दत पुग्छ।

घरवरपर फालिएका टायर तथा ट्यूबहरू, घरकै छतमा नछोपी राखिएका पानीट्याङ्कीमा पनि लामखुट्टेले फुल पार्ने ठाउँ हुनसक्ने ठाकुरले बताए। "एउटै लामखुट्टे ३०० देखि ४०० मिटर परसम्म जान सक्छ र उसले एक महिनाको आफ्नो आयुमा ८०० वटासम्म फुल पार्छ तर एक पटकमा एक ठाउँमा १०० देखि १५० मात्र पार्छ," उनले भने।

डेङ्गी सार्ने एडीज जातको लामखुट्टे बिहान सूर्योदयको केहीपछि र साँझ सूर्योदयको समयमा अरू समयभन्दा थप सक्रिय हुने विज्ञहरू बताउँछन्।

### डेङ्गी नपुगेको एक मात्र जिल्ला

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाकाको कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा. गोकर्ण दाहालका अनुसार उच्चहिमाली जिल्ला मुस्ताङमा मात्र अहिलेसम्म डेङ्गीका बिरामी भेटिएका छैनन्।

यसअघि लामो समयसम्म डेङ्गीमुक्त रहेको हुम्ला जिल्लामा गत साता बिहीवार एक सङ्क्रमित फेला परेका थिए।

"उच्च हिमाली जिल्लाहरूमा पनि सङ्क्रमित भेटिएका छन् तर त्यही जिल्लामा सङ्क्रमित भएका हुन् वा अन्यत्रबाट सङ्क्रमित भएर त्यहाँ पुगेपछि मात्र परीक्षण गराएका हुन् भन्ने खुल्न सकेको छैन," दाहालले भने।



डेङ्गु नियन्त्रण अभियानमा नगरप्रमुख गुप्ताः सप्तरीको कञ्चनरुप नगरपालिकामा डेङ्गु रोग रोकथाम तथा नियन्त्रण गर्ने अभियान अन्तर्गत लार्भा नस्ट गर्ने औषधी छर्किंदै नगरप्रमुख ललन गुप्तालगायत सहभागी । *तस्विर : रासस*

# ‘भ्रष्टाचार नियन्त्रण गर्नसके मात्रै मुलुकमा समृद्धि आउँछ’




रुपन्देही । लुम्बिनी प्रदेश प्रमुख अमिक शेरचनले भ्रष्टाचार नियन्त्रण गर्नसके मात्रै मुलुकमा समृद्धि आउने बताउनुभएको छ । भ्रष्टाचारका कारण देश आर्थिक सङ्कटबाट माथि उठ्न नसकेको औँल्याउँदै उहाँले भ्रष्टाचार नियन्त्रणमा सबैको चासो र सक्रियता रहनुपर्नेमा जोड दिनुभयो ।

बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको वार्षिक प्रतिवेदन ग्रहण गर्दै उहाँले भन्नुभयो, “भ्रष्टाचार खतरनाक हतियार हो, यसले धेरैलाई हत्या गरेको छ । तीन करोड जनता मारमा परेका छन् । आयोगको ध्यान यता जाओस् ।’

आयोगको दायरा धेरै भए पनि काम कम भएको टिप्पणी गर्दै उहाँले जनतालाई महसुस हुने गरी काम गर्न उहाँले सुझाव दिनुभयो । “तल्लो तहका कर्मचारीलाई मुद्दा लाग्ने तर उच्च पदमा रहेकालाई छुट दिनु राम्रो होइन, तपाईंहरूलाई कानुनले अधिकार दिएको छ, त्यो अधिकार प्रयोग गरेर अधिकारको दुरुपयोग गर्नेलाई कारबाही गर्नुस’, उहाँले भन्नुभयो ।

जनताको दुःख र पसिनाले तिरेको रकम दुरुपयोग हुनु विडम्बना भएकाले भ्रष्टाचारीको शिर ठाडो नहुने गरी कारबाही प्रक्रिया अघि बढाउनसमेत उहाँले आग्रह गर्नुभयो । सडक निर्माणलगायत पूर्वाधार निर्माणमा भएका अनियमितताबारे छानबिन गर्नुपर्ने र कारबाही गर्नुपर्नेमा उहाँको जोड थियो ।

प्रमुख शेरचनले जनताले अरुबाट आशा गर्न छोडे पनि अख्तियारमाथि अझै भरोसा रहेकाले त्यो भरोसा रहने गरी काम गर्न सुझाव दिनुभयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलका प्रमुख योगेन्द्रप्रसाद पाण्डेले भ्रैष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न आयोग प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले आयोगको बुटवल कार्यालयमा आर्थिक वर्ष २०७८/७९ मा नौ सय उजुरी प्राप्त भएकामा ८४ प्रतिशत उजुरी फट्र्योट भएको जानकारी गराउनुभयो ।रासस

## ‘निर्वाचनलाई शान्तिपूर्णरुपमा सम्पन्न गर्न सशस्त्रको भूमिका महत्वपूर्ण’

काठमाण्डु । गृहसचिव विनोदप्रकाश सिंहले आगामी मङ्सिर ४ मा हुने निर्वाचनलाई भयरहित र शान्तिपूर्णरुपमा सम्पन्न गराउन सशस्त्र प्रहरी बल नेपालको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय बुधबार आयोजित एक समारोहलाई सम्बोधन गर्दै सचिव सिंहले सशस्त्र प्रहरीले सीमित स्रोत साधनका बाबजुद कठिन परिस्थिति र स्थानमा समेत सीमारक्षार्थ खटिएको भन्दै प्रशंसा गर्नुभयो ।

उहाँले प्रतिकुल अवस्थामा रहेका सीमा सुरक्षाचौकीको सुधारका लागि समयानुकूल बन्दोबस्ती व्यवस्थापनमा गृह मन्त्रालयले पहल गरिरहेको बताउनुभयो । गृहसचिव सिंहले निर्वाचनलाई शान्तिपूर्णरुपमा सम्पन्न गराउन सशस्त्र प्रहरी बल नेपालका बाहिनीपति तथा युनिटपतिले आफू मातहतका कर्मचारीलाई उचितरुपमा परिचालन गरी कार्यसम्पादन गर्न निर्देशन दिनुभयो ।

सशस्त्र प्रहरी बल नेपालले शान्ति सुरक्षा कायम गर्न सक्षमता, निपूर्णता तथा तदरुकताका साथ कार्य गर्नुहुनेछ भन्ने अपेक्षा राखेको बताउनुहुँदै उहाँले सीमा सुरक्षामा कठिन परिस्थितिका बीच परिचालित कर्मचारीप्रति उच्च सम्मान प्रकट गर्नुभयो ।रासस

# रवीन्द्र मिश्र नेतृत्वको ध्रुवीकरण पक्षधर समूह राप्रपामा

काठमाण्डु । पत्रकारिता हुँदै लेखनबाट राजनीतिमा प्रवेश गर्नुभएका रवीन्द्र मिश्रले नेतृत्वको बृहत्तर ध्रुवीकरण पक्षधर समूह राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँग एकताबद्ध भएको छ ।

राप्रपाले बुधबार आयोजना गरेको कार्यक्रममा मिश्र नेतृत्वको समूह वरिष्ठ उपाध्यक्ष लिएर एकताबद्ध भएको जानकारी गराइयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले आगामी निर्वाचनमा एक सय ६५ प्रतिनिधिसभा र तीन सय ३० प्रदेशसभा निर्वाचन क्षेत्रमै उम्मेदवारी दिने गरी तयारी गरिएको जानकारी गराउनुभयो ।



देशमा भ्रष्टाचारका घटना बढेको छ, सबै राजनीतिक दलका नेताको सम्पत्ति छानबिन गरौँ, हाम्रा पार्टीका नेताबाट छानबिनको सुरुआत गरौँ, निर्वाचन पद्धति पनि भ्रष्टाचारको कारण बनेकाले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, पूर्ण समानुपातिक पद्धतिबाट सांसद निर्वाचित हुने व्यवस्था गरौँ, संवैधानिक राजा राखौँ’, उहाँले भन्नुभयो ।

राप्रपाले सत्ता केन्द्रित राजनीति नगर्ने उल्लेख गर्नुहुँदै नेता लिङ्देनले सार्वजनिक शिक्षा र स्वास्थ्यलाई निःशुल्क एवं गुणस्तरीय बनाउन पार्टी लागिपर्ने बताउनुभयो । राजनीतिक दलका सदस्यरहित न्याय परिषद्को अवधारणलाई पनि राप्रपाले अघि बढाएको उहाँले सुनाउनुभयो ।

वरिष्ठ उपाध्यक्ष मिश्रले देशका लागि काम नगर्नेले राजनीति छोड्नुपर्ने बताउनुहुँदै शान्ति, स्थिरता र स्वाधीनताका लागि आफूले राप्रपा रोजेको बताउनुभयो । उहाँले भन्नुभयो, “वीपीको राष्ट्रिय एकता तथा मेलमिलापको नीति राप्रपाले बोकेको छ, वीपीको मेलमिलाप नीति आजको नेपालमा पनि उत्तिकै सान्दर्भिक छ, यी विचारलाई लिएर राप्रपालाई अझै सूचना प्रविधियुक्त दलका रुपमा हामी स्थापित गर्नेछौँ ।’

सार्वजनिक शिक्षा र स्वास्थ्यलाई निःशुल्क एवं गुणस्तरीय बनाउने, सामाजिक सुरक्षा कायम गर्ने तथा ६० प्रतिशत नेपालीले अपनाएको कृषि पेसालाई आधुनिकीकरण गर्ने मुद्दालाई दलले घोषणा पत्रमार्फत लिएर चुनावमा जान लागेको नेता मिश्रले सुनाउनुभयो । धर्मनिरपेक्षता धर्मान्तरणको माध्यम बनेकाले हिन्दू बौद्ध राष्ट्रको पक्षमा राप्रपा रहेको पनि उहाँले बताउनुभयो ।

राप्रपाका पूर्वअध्यक्ष पशुपति शम्शेर राणाले आफू मन्त्री भएका बेला गरिएको महाकाली सन्धिको कागजात दराजमा थन्क्याएकाले विकासका काममा अवरोध भएको बताउनुहुँदै कार्यान्वयनमा लाग्ने गरी अब मत पाउनुपर्ने बताउनुभयो । पञ्चेश्वर र पश्चिम सेती आयोजना सम्पन्न गरी आयआर्जनमा उपयोग गरिने प्रतिबद्धता उहाँले जनाउनुभयो ।

कार्यक्रममा बागमती प्रदेससभाका पूर्वसदस्य शोभा शाक्य, राप्रपा नेता बुद्धिमान तामाङलगायतले देशमा देखिएका विकृति, विसङ्गतिबाट मुक्तिका लागि आगामी निर्वाचनमा दल एकमात्र विकल्प बन्ने बताउनुभयो ।रासस

# थन्किएका विद्युतीय बस सञ्चाल गरिने

लुम्बिनी । गृहमन्त्री बालकृष्ण खाणको निर्देशनसँगै लुम्बिनीमा थन्किएका विद्युतीय बस असोज १३ गते बिहीबारदेखि सञ्चालनमा आउने भएका छन् ।

पर्यटकको सुविधाका लागि एसियाली विकास बैंक (एडिबी)ले लुम्बिनी विकास कोषलाई अनुदानमा दिएको सवारी साधन विगत तीन वर्षदेखि थन्किरहेको थियो । गृहमन्त्री खाणले विश्व पर्यटन दिवसको अवसरमा मङ्गलबार भैरहवामा आयोजित कार्यक्रममा अविलम्ब सञ्चालनमा ल्याउन सरोकारवाला निकायलाई निर्देशन दिनु भएपछि विद्युतीय बस सञ्चालनमा आउने भएका हुन् ।

निर्देशनलगत्तै बुधबार रुपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको अध्यक्षतामा भैरहवामा बसेको लुम्बिनी विकास कोष, स्थानीय पालिका, यातायात कार्यालय, उद्योगी तथा पर्यटन व्यवसायीका सङ्घसंस्थाको बैठकले बिहीबारदेखि नै तत्काललाई पाँचवटा बस सञ्चालनमा ल्याउने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी पाण्डेले गृहमन्त्रीको पहलमा पाँच वटा बस विभिन्न रुटमा चलाउने र आवश्यक चालक नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले उपलब्ध गराउने निर्णय भएको जानकारी दिनुभयो । थन्किएका बस निःशुल्करुपमा सञ्चालनमा आएसँगै चाडपर्वका बेला आन्तरिक तथा बाह्य पर्यटकलाई टेवा पुग्ने विश्वास लिइएको उहाँले बताउनुभयो । भोलि बिहीबार बिहान ८ बजेदेखि लुम्बिनी बसपार्कबाट ती बस सञ्चालन हुने उहाँले बताउनुभयो ।

तत्काललाई बेलहियाबाट गौतमबुद्ध विमानस्थल हुँदै लुम्बिनी, रामग्रामदेखि बेलहिया हुँदै लुम्बिनी, बुटवलबाट भैरहवा हुँदै लुम्बिनी, लुम्बिनी हुँदै तिलौराकोटसम्म बस सञ्चालन हुने लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धीचरण भट्टराईले जानकारी दिनुभयो । कोषले सबै विद्युतीय बस तथा भ्यान यही असोज १५ गतेदेखि परीक्षण सञ्चालनमा पनि ल्याउने भएको छ ।

मङ्गलबार बसेको कोषको सचिवालय बैठकले नम्बर प्लेट परिवर्तन नभए पनि दसैँको उपलक्ष्यमा पाँच दिन चार्जिङ स्टेशन र गाडीको मेसिनरी परीक्षणस्वरुप अफिसियल यान्त्रिक परीक्षणका लागि विद्युतीय गाडी सञ्चालन गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो । रु १२ करोडका पाँच बस र १४ भ्यान (ट्याक्सी) एडिबीले तीन वर्ष अघि दिएको थियो ।

अहिले सबै गाडी कोष परिसरको विद्युतीय बसपार्कमा थन्किएका छन । गाडी चार्ज गर्न लुम्बिनीमै दुई वर्षअघि सोलार प्लान्ट जडान गरेर चार्जिङ स्टेशन बनाइए पनि बस सञ्चालन नहुँदा अनुदानकै रु १४ करोडमा निर्माण गरिएको उक्त प्लाण्टबाट रु ५४ लाख मूल्यको विद्युत्समेत खेर गइरहेको छ ।

गौतमबुद्ध विमानस्थल निर्माणका लागि ऋण सहयोग गरेको एडिबीले त्यहाँ अवतरण गर्ने पर्यटकलाई बुद्ध सर्किट घुमाउने प्रयोजनका लागि अनुदानमा बस र भ्यान उपलब्ध गराएको थियो । विश्व सम्पदास्थलमा सूचीकृत लुम्बिनीमा वातावरण प्रदूषण कमगर्न पनि विद्युतीय गाडी अनुदान दिएको थियो ।रासस

# विराटनगरमा सूचनाको हकसम्बन्धी छलफल सम्पन्न



विराटनगर । अन्तर्राष्ट्रिय सूचनामा विश्वव्यापी पहुँच दिवसका अवसरमा विराटनगरमा बुधबार ‘सूचनाको हकसम्बन्धी’ छलफल कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला प्रशासन कार्यालय मोरङद्वारा आयोजित सो कार्यक्रममा सूचनाको हकसम्बन्धी ऐनको व्यवस्था, त्यसको कार्यान्वयन र प्रभावकारिताका विषयमा छलफल भएको थियो ।

मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले सार्वजनिक निकायले गरेको सेवा प्रवाहका बारेमा नागरिकलाई जानकारी गराउन पनि सूचनाको हक आवश्यक रहेको बताउनुभयो ।

सूचनाको हक प्रयोग गर्दा कार्यालयले गरेको गतिविधिबारेमा आम नागरिकलाई जानकारी हुने र कार्यालयको कामसमेत पारदर्शी हुने हुने भएकाले यसमा राष्ट्रसेवक कर्मचारीको ध्यान जानु आवश्यक रहेको प्रजिअ दाहालले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी प्रदीप साहले सूचनाको हकको व्यवस्था र ऐनका विषयमा कार्यपत्र प्रस्तुत गर्दै सही सूचनाबाट काममा सहज र सरल हुने धारणा राख्नुभयो ।

सो अवसरमा सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेल, मोरङका प्रहरी उपरीक्षक शान्तिराज कोइराला र नेपाली सेनाका प्रमुख र राष्ट्रिय अनुसन्धानका निर्देशकसहित सरोकारवालको उपस्थिति रहेको थियो ।रासस

# बागमती प्रदेश प्रमुख शर्मासमक्ष वार्षिक प्रतिवेदन पेस

मकवानपुर । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौँडाले बागमती प्रदेश प्रमुख यादव चन्द्र शर्मासमक्ष वार्षिक प्रतिवेदन पेस गरेको छ ।

आयोगको हेटौँडा कार्यालयका प्रमुख नरहरि घिमिरेले आज एक कार्यक्रमबीच नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम आयोगले तयार गरेको आर्थिक वर्ष २०७८/७९ को ३२औँ वार्षिक प्रतिवेदन पेस गर्नुभयो । सो अवसरमा प्रदेश प्रमुख शर्माले आयोगको सक्रियताले न्यायमा आधारित समतामूलक, सुशासनयुक्त समाज र राज्य निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोगको हेटौँडा कार्यालयका प्रमुख घिमिरेले आयोगले सम्पादन गरेको बागमती प्रदेशभित्रका विषयवस्तु समेटिएको वार्षिक प्रतिवेदनको सारसंक्षेप प्रस्तुति दिनुभएको थियो ।रासस

# ‘सहकारीमा आबद्ध सदस्यलाई उत्पादनसँग जोडेर स्वरोजगार बनाउनु पर्छ’

कञ्चनपुर । सुदूरपश्चिम प्रदेशका भूमि व्यवस्था तथा कृषि सहकारीमन्त्री विनिता चौधरीले सहकारीमा आबद्ध सबै सदस्यलाई उत्पादनसँग जोडेर स्वरोजगार बनाउनुपर्ने बताउनुभएको छ । शुक्लाफाँटा नगरपालिका-८ बेलडाँडीस्थित कलश महिला कृषि सहकारी संस्था लिमिटेडको नवनिर्मित भवनको आज आयोजित उद्घाटन कार्यक्रममा उहाँले सहकारीले कृषिमा लगानी गरी उत्पादन बढाई आबद्ध सदस्यलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनुपर्ने बताउनुभयो ।




सहकारी अर्थतन्त्रको बलियो खम्बा भएको चर्चा गर्दै उहाँले प्रदेश सरकारले जनताको माग र आवश्यकताका आधारमा सहकारीमा लगानी गरिएको बताउनुभयो । “स्थानीय सरकारसँग सहकार्य गरी सहकारीको उत्थानका लागि कार्यक्रम सञ्चालन गरेका छौँ”, उहाँले भन्नुभयो, “सहकारीमार्फत आर्थिक रूपमा विपन्न समुदायलाई व्यावसायिक बनाउन कार्यक्रम सञ्चालन गरिएका छन् ।”

सहकारीमार्फत रोजगारी सृजना गरी जानुपर्छ भन्ने सरकारको लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गरिएको उहाँको भनाइ थियो । “प्राकृतिक प्रकोप जानकारी दिएर आउँदैन”, उहाँले भन्नुभयो, “त्यसैले सहकारीबाट कर्जा लिई व्यावसायिक कृषिमा संलग्न कृषकले अनिवार्य रूपमा कृषि बीमा गराउनुपर्छ, बीमा गरिए सम्भावित जोखिमबाट बच्न सकिन्छ ।” बीउ उत्पादनमा सुदूरपश्चिम प्रदेश देशमै दोस्रो स्थानमा रहेको उल्लेख गर्दै उहाँले यहाँ उत्पादित बीउ बाह्य जिल्लामा निर्यात भइरहेको बताउनुभयो । सहकारीले बीउ उत्पादन र बजारमा पुर्‍याउनका लागि अहम् भूमिका खेलेको उहाँले बताउनुभयो ।

**चौतिस लाखको लागतमा सहकारी भवन निर्माण**

शुक्लाफाँटा-८ बेलडाँडीस्थित कलश महिला कृषि सहकारी संस्था लिमिटेडको रु ३४ लाख ५० हजारको लागतमा कार्यालय भवन निर्माण गरिएको छ । सहकारीका अध्यक्ष मीना डगौराका अनुसार कृषि ज्ञान केन्द्रको रु ३० लाख अनुदान र सहकारीको रु चार लाख ५० हजारको लागतमा सहकारी भवन निर्माण गरिएको हो । नवनिर्मित भवनमा सभा हलसहित दुई कार्यालय कक्ष, दुई शौचालय निर्माण गरिएका छन् ।रासस



# युक्रेनलाई सहयोगबारे छलफल



**सिन्ह्वा**

किभ । युक्रेनमा आवश्यक सहयोग बारे युक्रेनी राष्ट्रपति भोलोदोमिर जेलिन्स्कीले फ्रान्सका विदेशमन्त्रीसँग भेटवार्ता गर्नुभएको छ।

हाल युक्रेनको भ्रमणमा रहनुभएका फ्रान्सेली विदेशमन्त्री क्याथोरिन कोलोनासँगको भेटका क्रममा युक्रेनका राष्ट्रपति जेलिन्स्कीले युक्रेनलाई सहयोग गर्न आग्रह गर्नुभएको हो ।

युक्रेनमा केही महिना अघि रुसले गरेको आक्रमणपछि यहाँको आर्थिकलगायतको अवस्था कमजोर हुँदै गएको छ।

हाल पश्चिमा देशले युक्रेनको आर्थिक तथा समाजिक क्षेत्रमा सहयोग गरिरहेका छन् । बेलायत र अमेरिकाले युक्रेनलाई आवश्यक पर्ने हात हतियचरसमेत उपलब्ध गराइरहेका छन् ।

युक्रेन युरोपियन युनियनको सदस्य बन्ने तयारीमा रहेकाले यसका लागि आवश्यक सहयोग गर्न पनि उहाँले फ्रान्सेली विदेशमन्त्रीसँग आग्रह गर्नुभयो । सो भेटका क्रममा फ्रान्ससँग युक्रेनी राष्ट्रपतिले प्रतिरक्षाका क्षेत्रमा आवश्यक सहयोगका लागि पनि आग्रह गर्नुभएको युक्रेनी राष्ट्रपतिको कार्यालयले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ।

सो विज्ञप्तिमा राष्ट्रपति जेलिन्स्कीले युक्रेनको पछिल्लो अवस्थाको बारेमा फ्रान्सलाई जानकारी गराउनुभएको र उहाँहरुका बीचमा युक्रेनका लागि हाल गर्न सकिने सहयोगका बारेमा कुराकानी भएको जनाइएको छ।

युक्रेनमा रुसको आक्रमणका विरुद्धमा फ्रान्सले पनि युक्रेनलाई विगतदेखि सहयोग गर्दै आएको छ । गएको फेब्रुअरी महिनामा रुसले युक्रेनमाथि हमला गरेको थियो । सो हमलाबाट युक्रेनमा मानवीय र आर्थिक क्षति पुगेको छ।

रुसले युक्रेनमाथि गरेको सो हमलापछि फ्रान्सेली विदेशमन्त्री कोलोनाले गर्नुभएको युक्रेनके यो दोस्रो पटकको भ्रमण हो ।

# वेस्ट बैंकको आक्रमणमा एक प्यालेस्टिनीको मृत्यु

**एएफपी**

प्यालेस्टाइन । इजयायली सैनिकले तेल अभिभमा गरेको आक्रमणमा एक प्यालेस्टिनी मृत्यु भएको छ।

बुधबार वेस्ट बैंकको छापा मार्ने क्रममा गत अप्रिलमा घातक हमला गरेको आरोप लागेका एक व्यक्तिको भाइलाई इजरायली सेनाले मारेको स्रोतले जानकारी दिएको छ । प्रान्तीय प्रशासनको स्रोतले एएफपीलाई मृतक अबेद हाजेम रहेको जानकारी दिएको छ।

प्यालेस्टाइनको स्वास्थ्य मन्त्रालयले जेनिनमा बिहान इजरायली कारबाहीका क्रममा एक व्यक्तिको गोली हानी हत्या भएको बताएको छ।

# फिलिपिन्समा 'नोरु' आँधीका कारण दशको मृत्यु



**सिन्ह्वा**

मनिला। सुपर टाइफुन नोरुले फिलिपिन्सको लुजोन टापुमा साताको अन्त्यमा भारी वर्षा र हावा चलेको कारण कम्तीमा दशको मृत्यु भएको छ । यस प्रकोपको कारण यहाँ लाखौं मानिस शरणार्थी बन्न पुगेका छन् ।

राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन परिषद्ले मनिलाको उत्तरी प्रान्त बुलाकानमा अचानक बाढीले बगाएको पाँच उद्धारकर्ताको मृत्यु भएको पुष्टि गरेको थियो । त्यसपछि अन्य पाँचजनाको मृत्यु भएको जनाइएको छ।

फिलिपिन्स विश्वव्यापीरुपमा सबैभन्दा प्रकोप-प्रवण देशमध्ये एक हो । मुख्यतया प्यासिफिक रिङ्ग अफ फायर र प्यासिफिक टाइफुन बेल्टमा यसको स्थानको कारण औसतमा, द्वीपसमूह देशमा वार्षिक २० ओटा आँधी आउने गरेको पाइन्छ। यीमध्ये केही तीव्र र विनाशकारी हुने गरेका छन् ।

# उद्घाटन र समापन समारोहसहित अधिकांश खेल पोखरामा



कास्की । आसन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मुख्य आयोजनास्थल पोखरा रङ्गशालामा उद्घाटन र समापन समारोहसहित अधिकांश खेल हुने भएका छन् । प्रतियोगिताअन्तर्गत विभिन्न १५ खेल र केही फाइनल खेल उक्त रङ्गशालामा हुने भएका छन्।

प्रतियोगिताको तयारीका लागि गठन गरिएको खेलस्थल व्यवस्थापन समितिका अनुसार रङ्गशालाभित्र 'इनडोर' र 'आउटडोर' खेल सञ्चालन हुनेछन् । पोखरा रङ्गशालाभित्र एथलेटिक्स, ब्याडमिन्टन, क्रिकेट (महिला), टेनिस, बक्सिङ, भलिबल (पुरुष), जिम्न्यास्टिक, ह्याण्डबल (महिला र पुरुष), सफ्टटेनिस र स्क्वासका खेल हुनेछन्।

यसैगरी उसु, बास्केटबल (पुरुष), आर्चरी, फेन्सिङ र खोखो (महिला र पुरुष) खेल हुने तय भएको छ। पुरुष फुटबल पोखराकै गोस्तेघाट खेलमैदानमा तथा पोखरा रङ्गशालामा हुनेछन् । महिला फुटबल स्याङ्जाको वालिङ, पृथ्वीनारायण क्याम्पस र पोखरा रङ्गशालामा हुने तय भएको छ।

पोखरा रङ्गशाला बाहिर केही खेल स्थल तोकिएका छन् । फुलकन्ट्याक्ट कराते र जुडो पोखराको प्रदर्शनी केन्द्र, शारीरिक सुगठन पोखरा सभागृह, पौडी फिस्टेल एकेडेमी तथा टेबलटेनिस कोल्मा बाहकोट समाजघरमा हुनेछ । महिला हक्की गण्डकी बोर्डिङ स्कुल र पुरुषको गौरीशङ्कर खेलमैदान, भारत्तोलन पोखरा उद्योग वाणिज्य सङ्घ, गल्फ हिमालयन गल्फ कोर्ष, साइक्लिङ रानीवन, ट्रायथोलन लेकसाइड, प्याराग्लाइडिङ सराङकोट, रग्वी भण्डारढिक खेलमैदान र कबड्डी रञ्जित पार्टी प्यालेसमा सञ्चालनको तयारी गरिएको छ।

प्रतियोगिताका ३६ खेलमध्ये सुटिङबाहेक गण्डकीमा हुँदैछन् । पूर्वाधार नभएकाले सुटिङ काठमाडौंमा हुने खेलस्थल व्यवस्थापन समितिका उपसमितिका संयोजक राजेश गुरुङले बताउनुभयो। पुरुष क्रिकेट यसअघि नै काठमाडौंमा सम्पन्न भइसकेको छ । गण्डकीका मनाङ, मुस्ताङ, लमजुङ र तनहुँ बाहेकका जिल्लामा खेल खेलाइँदैछ । राष्ट्रिय खेलकुद आउन अब दुई साता बाँकी रहँदा तोकिएका खेलका पूर्वाधारको मर्मत र सरसफाइ सुरु भएको छ।

प्रतियोगितालाई भव्य बनाउनका लागि पूर्वाधारको स्तरोन्नतिको काम सुरु भएको राष्ट्रिय खेलकुद परिषद् मातहतको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताउनुभयो । उहाँका अनुसार तोकिएका खेलस्थललाई खेल्न योग्य बनाउने तथा पूर्वाधार स्तरोन्नति, बत्ती, सरसफाइ, पानीको व्यवस्थालगायतका काम भइरहेका छन् । दशैंअघि पूर्वाधारको मर्मत सम्पन्न गर्ने योजना छ।

योगीले भन्नुभयो, "राष्ट्रिय खेलकुदका लागि तोकिएको खेल पूर्वाधारलाई राम्रो बनाउनका लागि स्तरोन्नति र मर्मत तथा सरसफाइ काम भइरहेको छ। खेलस्थलमा बत्ती, सरसफाइ, पानीको सुविधा, शौचालयको सरसफाइ तथा रङ्गरोगनलगायत काम सकेर व्यवस्थित प्रतियोगिता सञ्चालन गर्ने योजना छ।"

यही असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशबाट सात सय दुई खेलाडीले नाम दर्ता गराएका छन्। गण्डकीले सहभागिता जनाउने सबै खेलको अहिले विशेष प्रशिक्षण भइरहेको छ । दशैंलगत्तै बन्द प्रशिक्षण हुने प्रदेश खेलकुद परिषद्ले जनाएको छ।रासस

# चीनको रेस्टुरेन्टमा आगलागी सत्रको मृत्यु

**एएफपी**

बेइजिङ । उत्तरपूर्वी चीनको एक रेस्टुरेन्टमा बुधबार आगलागी हुँदा १७ जनाको मृत्यु हुनुका साथै तीन जना घाइते भएको स्थानीय अधिकारीले बताएका छन्। स्थानीय सरकारले वेइबो सामाजिक सञ्जाल प्लेटफर्ममा पोष्ट गरेको एक विज्ञप्तिमा स्थानीय सरकारले चाङचुन सहरको एउटा भोजनालयमा बुधबार दिउँसो १२:४० बजे मा आगलागी भएको जनाएको छ।

अग्नीनियन्त्रक घटनास्थलमा पुगेका र दिउँसो ३ बजेसम्म खोजी र उद्धारकार्य पूरा गरेका



विज्ञप्तिमा जनाइएको छ। घाइतेलाई उपचारको लागि अस्पताल पठाइएको र घटनाको कारणबारे अनुसन्धान भइरहेको अधिकारीले जनाएका छन्।

# ३६ हजारभन्दा बढी कोरोना सङ्क्रमित

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा कोरोना भाइरसबाट थप ३६ हजारभन्दा बढी सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले मङ्गलबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा थप ३६ हजार एक सय ५९ सङ्क्रमित भएका हुन् ।

योसँगै दक्षिण कोरियामा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या दुई करोड ४७ लाख नौ हजार सात सय ८९ पुगेको स्वास्थ्य अधिकारीले जनाएका छन् ।

दैनिक सङ्क्रमितको सङ्ख्या एक दिनअघिको केही मात्रमा घटेको बताइएको छ । अघिल्लो दिन ३९ हजार चार सय २५ सङ्क्रमित भएका थिए । अघिल्लो हप्ता औसतमा दैनिक सङ्क्रमितको सङ्ख्या २९ हजार पाँच सय ६९ रहेको थियो। अहिले सङ्क्रमित अवस्थामै रहेकामध्ये तीन सय ७५ जना गम्भीर अवस्थामा रहेका छन् ।



यो सङ्ख्या भने अघिल्लो दिनको भन्दा २६ जनाले कम भएको छ । दक्षिण कोरियामा कोरोनाका कारण पछिल्लो एक दिनमा ४६ जनाको मृत्यु भएको छ। योसँगै कोरियामा कोरानाका कारण कुल मृतकको सङ्ख्या २८ हजार तीन सय १८ पुगेको छ।

विश्वका धेरै देशमा कोरोना भाइरसको महामारी अत्यन्त न्युन भइसक्दासमेत दक्षिण कोरियामा भने फैलिइरहेको छ। महामारी सुरु भएका बेला राम्रोसँग महामारी नियन्त्रण गरेको दक्षिण कोरिया अहिलेसम्म पूर्णरुपमा नियन्त्रण गर्न असफल भएको छ।

# बालबालिका तथा युवा व्यक्ति सम्बन्धी अध्यादेशमा संशोधन प्रस्ताव

**सिन्ह्वा**


कोलम्बो। श्रीलङ्काको लैङ्गिक समानता सुनिश्चित गर्नका लागि संसदीय चयन समितिले बालबालिका तथा युवा व्यक्तिसम्बन्धी अध्यादेशमा संशोधन प्रस्ताव गर्ने निर्णय गरेको छ।

श्रीलङ्काले बालबालिकाको शोषण कम गर्न बालबालिका मानिने उमेरलाई बढाउनेबारे छलफल सुरू गरेको छ। यो प्रस्ताव वर्षौंदेखि विचाराधिन रहेको आयोगले जनाएको छ।

यसले बच्चाहरूलाई १८ वर्षको उमेरसम्म निश्चित प्रकारका काममा संलग्न हुनबाट पनि रोक्नेछ।

# अधिकारी र धिमाल निर्वाचित भएसँगै एन्फाको कार्यसमिति पूरा

काठमाण्डु । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को कार्यसमिति सदस्यमा रुपेश अधिकारी र दीपेन्द्र धिमाल पुनः निर्वाचनबाट अधिकारी र धिमाल निर्वाचित हुनुभएको हो । निर्वाचित अधिकारी एन्फाका निवर्तमान अध्यक्ष





कर्माछिरिङ शेर्पा समूहका हुनुहुन्छ भने धिमाल एन्फा अध्यक्ष पङ्कजविक्रम नेम्बाङ समूहका निर्वाचित हुनुभएको छ।

एन्फाको आज बसेको विशेष साधारणसभामा भएको हुनुहुन्छ। अधिकारीले ५४ मत प्राप्त गर्नुभयो भने धिमालले ४७ मत प्राप्त गर्नुभयो । सदस्यकै प्रत्याशी लोकन्द्र गुरुङले ४५ र दीपक थापाले सात मत प्राप्त गर्नुभयो। यसअघि गत असार ६ गते सम्पन्न निर्वाचनमा १५ सदस्य निर्वाचित हुनुपर्नेमा १३ जनामात्र निर्वाचित हुनुभएको थियो।

उक्त निर्वाचनमा चारजनाकै समान ३९ भोट आएको थियो जसको कारण दुई सदस्यको टुङ्गो लागेको थिएन। यी दुई सदस्य निर्वाचित भएसँगै एन्फाको २१ सदस्यीय कार्यसमिति पूरा भएको छ । यसअघिको निर्वाचनमा एन्फा अध्यक्ष पङ्कजविक्रम नेम्वाङसहित वरिष्ठ उपाध्यक्ष, चारजना उपाध्यक्ष र १३ सदस्य निर्वाचित हुनुभएको थियो।रासस

# सैनिकको मृत्यु



**सिन्ह्वा**

उगादुगुउ । उत्तरी बुर्किना फासोमा सोमबार भएको एक आक्रमणमा परी कम्तीमा ११ जना सैनिकको मृत्यु भएको बुर्किना फासो सरकारले बुधबार प्रकाशन गरेको एक विज्ञप्तिमा जनाएको छ।

जिबो शहरतर्फ जाँदै गरेको एक आपूर्ति समूहलाई साहेल क्षेत्रको साउम प्रान्तको गास्किन्देको कम्युननजिक आतङ्कवादीले आक्रमण गरेका थिए । एघार सैनिकको मृत्यु भएको छ, २० सैनिकसहित २८ जना घाइते भएका छन् र करिब ५० जना सर्वसाधारण बेपत्ता भएका विज्ञप्तिमा जनाइएको छ।

आक्रमणकारीको खोजी जारी रहेको विज्ञप्तिमा भनिएको छ । बुर्किना फासोमा २०१५ यता सुरक्षा अवस्था बिग्रिएको छ। पश्चिम अफ्रिकी यस राष्ट्रमा भएका आक्रमणमा एघार सय भन्दा बढी मानिसको मृत्यु भएको छ। १९ लाख भन्दा बढी अन्य विस्थापित भएका छन् ।

# बाढीबाट २३ को मृत्यु, एक लाखभन्दा बढी विस्थापित

**सिन्ह्वा**

अबुजा । नाइजेरियामा आएको भिषण बाढीमा परेर कम्तीमा पनि २३ जनाको ज्यान गएको बताइएको छ। साथै सो बाढीका कारण अरु कम्तीमा पनि एक लाख १६ हजार जना विस्थापित भएका छन् ।

यस वर्षको मनसुनी वर्षाका कारण ती नागरिक विस्थापित हुन पुगेका बताइएको छ। उद्धार अधिकारीले यहाँका नागरिक बाढीबाट धेरै विस्थापित हुन पुगेका र उनीहरुको पुनर्स्थापनाको पहल भइरहेको बताएका छन् ।

नाइजेरियाको मध्य प्रान्त बेन्युमा बाढीले बढी मात्रामा क्षति पुगेको जनाएको छ। सो प्रान्तमा मे महिनादेखि नै बढीको प्रकोप सुरु भएको र यसमा परेर ठूलो मात्रामा भौतिक क्षति पुगेको पनि यहाँका अधिकारीले जानकारी दिएका छन्। यो प्रान्तका प्राकृतिक विपद् व्यवस्थापनसम्बन्धी विभागका प्रमुख इमानययल सिसोरले उक्त प्रान्तमा दशौं हजार



जना विस्थापित भएका र उनीहरुको पुनर्स्थापनाको काम निकै नै चुनौतीपूर्ण भएको बताएका छन्।

यहाँका सयौं हेक्टर जमिनमा लगाइएको बाली पनि बाढीले नष्ट गरिदिएकाले यहाँका नागरिकलाई बासका साथै खाद्यान्नको पनि आवश्यकता परेको बताइएको छ । अधिकारीले बाढीले यहाँका करिब पाँच हजार घर भत्काइदिएकाले दशौं हजार नागरिक अस्थायी शिविरमा बस्दै आएका पनि जनाएका छन् ।

# इराकी कुर्दिश समूहका सात जनाको मृत्यु

**एएफपी**

इराक । इरानले इराकमा कुर्दिश समूहविरुद्ध बुधबार सीमापारी गरेको आक्रमणमा सात जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका बताइएको छ। तेहरानले कुर्दिश महिला महसा अमिनीको प्रहरी हिरासतमा मृत्यु भएको विरोधमा भइरहेको प्रदर्शनको विरोधमा घरेलु कारबाही तीव्र पारेका बेला इरानले हालैका दिनहरूमा स्वायत्त इराकी कुर्दिस्तानका जिल्लाहरूमा बारम्बार आक्रमण गरेको छ।

कुर्दिस्तानको राजधानी अर्बिलस्थित क्षेत्रीय स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दैपछिल्लो आक्रमणमा कोइसिनजाक क्षेत्रमा चार जनाको मृत्यु हुनुका साथै १४ जना घाइते भएको र शेरावामा तीन जनाको मृत्यु हुनुका साथै १४ जना घाइते भएको जनाएको छ। स्वायत्त कुर्दिस्तानका एक वरिष्ठ अधिकारीले एएफपीसँग भन्नुभयो, आक्रमणमा घाइते भएकामध्ये अधिकांश सर्वसाधारण रहेको जनाइएको छ।

कुर्दिस डेमोक्रेटिक पार्टी अफ इरान (केडीपीआई) ले ट्वीट गर्दै भनेको छ, 'यी कायरतापूर्ण आक्रमणहरू यस्तो समयमा भइरहेका छन् जब इरानको सत्ताले कुर्दिश र इरानी जनताको नागरिक प्रतिरोधलाई दबाउन असमर्थ भएको छ।'

इरानले महिलाका लागि कडा ड्रेस कोड उल्लङ्घन गरेको आरोपमा पक्राउ परेको तीन दिनपछि २२ वर्षीया अमिनीको तेहरानमा सेप्टेम्बर १६ मा मृत्यु भएको थियो।



**चियापत्ती टिप्दै मजदुर:** इलामको चिया बारीमा चियापत्ती टिप्दै मदजुर । *तस्बिरः रासस*

# एरोमा बाइक बुकिङ्ग सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । आरोग्य मोटर्सले २ सय सिसि क्षमताको डर्ट बाईक बजारमा उतार्ने सफल भएको छ । चीनमा उत्पादन गरेर नेपाली ब्राण्ड (एरोमा) को नाममा तीन पाँग्रे सवारीसाधन आयात गर्दै आइरहेकोमा कम्पनीले दुई पाँग्रे सवारीसाधन पनि एरोमा नै ब्राण्ड नाम राखेर आयात तथा बिक्रि वितरणको व्यवस्था मिलाइएको हो ।

नेपालका अधिकाँस सडकहरु कच्चि, अर्धकच्चि तथा ग्राभेल र खाल्डाखुल्डी हुनाले बाईकको ग्राउण्ड क्लियरेन्स अधिक हुनुपर्ने वाध्यताले गर्दा यस बाईकको ग्राउण्ड क्लियरेन्स २८० एमएम रहेको छ । त्यसै गरी त्यस्ता सडकहरुमा उकालो ओरालो बढी हुने हुनाले यो बाईक २ सय सिसि क्षमताको रहेको छ ।

एअर कुल्ड सहित सिंगल सिलिण्डरको ईन्जिन रहेको यो बाईकले ८६०० आरपिएममा १४.८ एचपि पावर सिर्जना गर्छ भने ६५०० आरपिएममा १४.९ एनएम टर्क सिर्जना गर्ने बताइएको छ। नेट तौल ११५ किलोग्राम रहेको यो बाईकले एक लिटर पेटोलमा ४० किलोमिटर भन्दा बढीको माईलेज दिने छन् । पहिलो चरणमा एरोमा डर्ट बाईकको १ मोडेल र २ रङ्गहरुमा बजारमा उपलब्ध हुनेछन् ।

*हालसम्म दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका विभिन्न शहर तथा बजारमा डिलर तथा शाखा कार्यालयहरु रहेका छन् भने अन्य शहरमा नयाँ डिलर नियुक्तिको प्रकृया अघि बढाइएको छ ।*


हाईडोलिक सस्पेन्सन सहितको आरामदायक यो बाईकमा १७ इन्चको स्पोक व्हिल दिइएको छ । १२ लिटरको फ्युल ट्यांक भएकाले लामो यात्राका लागि अति उपयुक्त मान्न सकिन्छ ।

एरोमा बाईकलाई यसै बर्षको भदौ मसान्त भित्रबाट नै बिक्रिको लागि बजारमा ल्याउने प्रयास रहेको छ। त्यसका लागि हाल कम्पनीसँग जोडिएका डिलर नेटवर्क र शाखा कार्यालय तथा थप जोडिने डिलर हरुबाट बिक्रिका लागि व्यवस्था मिलाइनेछ ।हालसम्म दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका विभिन्न शहर तथा बजारमा डिलर तथा शाखा कार्यालयहरु रहेका छन् भने अन्य शहरमा नयाँ डिलर नियुक्तिको प्रकृया अघि बढाइएको छ ।

निकट भविष्यमा काठमाडौं उपत्यका लगायत नेपालका सातैवटा प्रदेशमा डिलरहरु विस्तारको तयारी भइरहेको छ । देशका प्रमुख शहरहरुमा डिलर लिन इच्छुक व्यवसायीहरुलाई समेत जोडिनका लागि आव्हान कम्पनीले गरेको छ ।

# होटल व्यवसायमा समस्या

तानसेन । कोरोनापछि पर्यटकीय नगरी तानसेनका होटल व्यवसायमा समस्या थपिदै गएको छ । लकडाउनपछि बामे सर्न लागेका व्यवसायमा समस्या थपिदै गएको हो । "बैंकमा ऋण छ, मासिक किस्ता र ब्याज नै ६ लाख वढी तिर्नुपर्छ", तानसेनमा होटल व्यवसाय गर्ने लक्ष्मण बस्याल भन्नुहुन्छ ।




ऐतिहासिक र सांस्कृतिक नगरीको परिचय बनाएको तानसेनमा पर्यटन प्रवर्द्धनका कार्यक्रम नहुँदा यहाँका व्यवसाय चल्न नसक्ने स्थितिमा पुगेका हुन् । तानसेन र बुटवलमा दुई वटा होटल सञ्चालन गर्नुभएका व्यवसायी मोहन श्रेष्ठ भन्नुहुन्छ, "खर्च मात्रै धान्न सके हुन्थ्यो भन्ने स्थितिमा छौं, पहिला भन्दा सस्तोमा कोठा दिँदासमेत मान्छे आउदैनन् ।" पाल्पा जिल्लामा सदरमुकाम तानसेनसहित रामपुर, छहरा, बतासे, अर्गली, हार्थोक, ताँहु, आर्यभञ्ज्याङ व्यापारिक केन्द्र हुन ।

यहाँ चार हजार बढी व्यापार व्यवसाय छन् । जसमा साना ठूला गरी ८० वटा होटल व्यवसाय सञ्चालनमा छन् । त्यसमध्ये २० प्रतिशत व्यवसायी पेसाबाट पलायन हुने अवस्थामा छन् । "दैनिक ८/१० जनाले पसल किन्ने मान्छे खोजिदिनु परो भन्छन्", पाल्पा उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजु महर्जन भन्नुहुन्छ ,"राज्यले बेलैमा नसोच्ने हो भने अधिकांशको व्यवसाय टाट पल्टने अवस्थामा छ ।"

कतिपयले जेनतेन व्यवसाय सञ्चालन गर्दै सूचना टाँस गरेका छन् । कतिपयले व्यवसाय नै बन्द गरिसकेका छन् । पाल्पा व्यापार सङ्घमा यहाँका ८ सय व्यापार व्यवसाय गर्ने आवद्ध छन् ।

संस्थाका अध्यक्ष चिरञ्जीवी पोखरेलका अनुसार उनीहरूमध्ये २० प्रतिशत व्यवसायी विकल्पको खोजीमा छन् । "व्यवसाय चलेन, पसल बिक्यो भने अरु केही गर्थे भन्छन्," पोखरेल भन्नुहुन्छ । तानसेन नगरपालिकाले लकडाउन पछाडी विदेशबाट फर्किएका युवालाई कृषि र पशुपालनमा जोडेको थियो । अहिले यहाँको स्थानीय सरकारले पर्यटन प्रवर्द्धनलाई जोड दिएको छ ।

ऐतिहासिक तथा सांस्कृतिक पक्षलाई समेटेर नेपाल तथा बाहिरका पर्यटक तान्न विभिन्न कार्यक्रम ल्याइएको नगरपालिकाका प्रवक्ता यादव सिं कार्कीको भनाइ छ । कार्कीका अनुसार तानसेन नगरपालिकाले पूर्वाधार निर्माण र प्रचारप्रसारलाई जोड दिएको छ । पोखरा जाने पर्यटक तानसेन राख्ने वातावरण बनेको छैन् । तानसेन आइपुग्ने मुख्यद्वार 'शिद्धबाबा' बाटोको कारण अलोकप्रिय बनेको छ ।


यहाँका खानेपानी 'ट्याङ्कर'ले धानेको छ । स्थानीयतहको पुनःसंरचना पछाडि विभिन्न पालिकाले सोभै बुटवल आवतजावतको वैकल्पिक सडक निर्माण गरेका छन् ।रासस

# असन क्षेत्रका मौलिक संस्कृतिको खोजी

काठमाण्डु । देवीदेवतालाई लगाउने कपडा बुन्ने जाति सिन्दुराकारले आफ्नो पेसा छोडेर अन्यत्र आकर्षित हुँदा बजारमा मौलिकताले युक्त यस्ता कपडा पनि लोप हुन थालेको छ । पूजामा बस्दा लगाउने मौलिक कपडा पनि सिन्दुराकार जातिले बनाउँथे । शिलाकार थरका नेवार समुदायले ढुङ्गाबाट मूर्ति, चैत्यलगायत मौलिक सांस्कृतिक चीजबीज निर्माण गर्थे । शिलाकार समुदाय पनि अहिले अरू नै पेसा व्यवसायमा आकर्षित भएको उदाय् समाजका महासचिव रजनी ताम्राकारले राससलाई जानकारी दिनुभयो ।

उदाय् समाजमा नेवार समुदायका नौ थर छन् । जसमा सिन्दुराकार, शिलाकार, तुलाधर, स्थापित, ताम्राकार, बनियाँ, सिलालिक, सिख्राकार र कंसाकार हुन् । स्वयम्भूमा १२/१२ वर्षमा आयोजना गरिने सम्यक् महादानमा उदाय् समाजका नौ थरले एक/एक जिम्मेवारी निर्वाह गर्नुपर्ने व्यवस्था छ । तुलाधर समुदाय असन र नरदेवीमा छन् ।

पहिले ल्हासाबाट काठमाण्डुमा गरिने व्यापार तुलाधर समुदायले गर्ने गरेका थिए । स्थापितले भने अहिले पनि काठको काम गरिरहेकै छन् । यद्यपि पहिलेका तुलनामा अहिले परम्परागत काम गर्ने स्थापित समुदाय कम हुँदै गएका छन् । मौलिक, सांस्कृतिक



महत्वका परम्परागत काममा आकर्षण नहुँदा युवा पुस्ता अन्य काममा लाग्ने गरेको उदाय् युवा पुचः की कोषाध्यक्ष स्वस्तिहीरा सिख्राकार बताउनुहुन्छ ।

"युवालाई मौलिक कलाले भरिपूर्ण काममै फर्काएर संस्कृति संरक्षणका लागि तीन वर्षअघि युवा पुचः को स्थापना गरेर विभिन्न गतिविधिमा संलग्न भएका हौँ, मौलिकता युक्त हाम्रा कामबाट हाम्रो समुदाय बाहिरिनु हुन्न भनी युवा पुस्तामा चेतना एवं जागरण फैल्याउने काममा हामी लागेका छौँ", उहाँले भन्नुभयो ।

नौ थरमध्येको बनियाँले आयुर्वेदिक औषधि बनाउँथे । यो समुदायले पनि परम्परागत काम छोडेर अहिले व्यापार व्यवसायतिर आकर्षित भएका छन् । जसका कारण आयुर्वेदिक औषधि बनाउन यो समुदायले पुस्तौँदेखि प्राप्त गरेको अनुभव अन्त्य भएको छ । नयाँले बनाउँदा कति गुणस्तरीय आयुर्वेदिक औषधि बन्ला भन्ने प्रश्न खडा भएको छ ।

सिलालिक समुदायले रोटी, मिठाई बनाउँथे । काठमाडौँको पुरानो सहरमा यिनै समुदायका मिठाई पसल हुन्थे । १२ वर्षमा स्वयम्भूमा गरिने सम्यक् दानमा पनि सिलालिक समुदायले नै रोटी, मिठाईलगायत सामग्री बनाउनुपर्ने नियम भने अहिले पनि यथावत् छ । अहिले सिलालिक थर लेख्ने समुदाय नै कम भइसकेको समाजका महासचिव ताम्राकार बताउनुहुन्छ ।

"सिलालिक समुदायले रोटी, मिठाईमात्र बनाउन छोडेनन्, आफ्नो थर नै तुलाधर लेख्न थाले, जसका कारण अहिले सिलालिकको जनसङ्ख्या कम छ, अहिले धेरैमा ११ घर जतिले मात्र सिलालिक थर लेख्ने गरेका छन्", उहाँले भन्नुभयो ।

नयाँ पुस्ता परम्परागत काम छोडेर आधुनिकतातिर ढल्कँदा काठमाडौँ उपत्यकाको मुख्य सहरी क्षेत्र असन, इन्द्रचोकका नेवारको मौलिकता नै खतरामा परेको छ । मौलिकता जोगाउने उद्देश्यले समाजले विभिन्न गतिविधि अघि बढाएको छ । उदाय् समाजले नौवटै जातिका परम्परागत पेसा र बनाउने गरेका मौलिक, सांस्कृतिक चीजबीज सङ्ग्रह गरेर सङ्ग्रहालयको स्थापना गरेको छ ।

नौ थरी नेवारी समुदायको मौलिक संस्कृतिको संरक्षणका लागि विसं २०७२ मा उदाय् सङ्ग्रहालय स्थापना भएको हो । नौ थरीका परम्परागत पेसा, व्यवसाय संरक्षणका लागि ३० वर्षअघि उदाय् समाज गठन गरिएको थियो । अहिले असन क्षेत्रको मौलिक संस्कृतिको खोजी गर्न चाहनेहरू उदाय् समाजको कार्यालय पुग्ने गरेका छन् ।

तामाको भाँडा बनाउने ताम्राकार समुदायमा पनि अहिले यो पेसा गर्ने कमै भेटिन्छन् । यो समुदायले १२ वर्षमा स्वयम्भूमा हुने सम्यक् दान पर्वमा पयँता बाजा बजाउने गर्छन् । ताम्राकार समुदायबाट बाजा बजाउनेलाई समेटेर पयँता बाजा खल : गठन गरिएको हुन्छ । तिनले यो बाजा सम्यक् दानका समयमा मात्र बजाउँछन् । अरू समयमा यो बाजा बाहिर निकाल्न नहुने जनविश्वास रहेको छ ।

मन्दिर, चैत्य एवं घर, भवनको गजुर तथा छाना निर्माण गर्ने सिख्राकार समुदायले पनि अहिले यो काम छोडिसकेका छन् । नौ थरी नेवार समुदायमध्येको कंसाकार समुदायले काँसका थाल, कचौरालगायत सामग्री बनाउँथे । यो समुदायले पनि अहिले परम्परागत काम छोडिकसकेको छ । काँसका भाँडा राम्रो मानिन्छ । अहिले सिलाबर र स्टिलका सामानले बजार पिटेको छ । उदाय् समाजले सिख्राकार, कंसाकार, ताम्राकारलगायत नौ थरी नेवार समुदायलाई पुरानै पेसामा स्थापित गराएर मौलिक संस्कृति संरक्षण गर्ने जनाएको छ । यसका लागि नौ थरी समुदायमै जागरणका काम भइरहेका छन् ।रासस

# टिभिएसको तीन नयाँ सोरुमा उद्घाटन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालका लागि टिभिएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले तीन नयाँ सोरुमको उद्घाटन गरेको छ । घटस्थापनाको अवसर पारेर तीन सोरुमको उद्घाटन गरेको हो ।

लुम्बिनी प्रदेशका प्रदेशसभा सदस्य दिपेन्द्रकुमार अधिकारीको प्रमुख अतिथ्यमा परासीको बर्दाघाटमा फुटप्रिन्ट अटो हब प्रालि उद्घाटन गरेको हो ।

त्यस्तै बुढानिलकण्ठ नगरपालिकाका मेयर मिठाराम अधिकारीको प्रमुख अतिथ्यतामा काठमाडौंको कपनमा यु आर मोटर्स एन्टरप्राइज र जिल्ला उद्योग वाणिज्य संघ घोराहीका अध्यक्ष टंक बुढाथोकीको प्रमुख अतिथ्यतामा दाङको घोराहीमा नेबेल ट्रेडिङ उद्घाटन गरिएको हो ।

जगदम्बा मोटर्स दूई पांग्रे सवारी साधनका लागि एक मात्र आधिकारिक वितरक हो। कम्पनीलेनेपालभर १४० भन्दा बढी डिलरहरूलाई वितरण गर्दै आएको छ ।

# मेगा बैंकद्वारा बीमा रकम प्रदान




**टुडे समाचारदाता**

जनकपुधराम । दुर्घटनामा परी असामयिक निधन भएका ग्राहकका परिवारलाई मेगा बैंक नेपालले बीमा बापतको रकम प्रदान गरेको छ ।

मेगा बैंकमा 'मेगा कर्पोरेट बेनीफिट सेभिङ अकाउन्ट भि २०२०' खोलेका नेपाली सेनाका राम बहादुर गुरुङका परिवारलाई बैंकले सोही खातामा भएको योजना बमोजिम बीमा बापत सात लाख रुपैयाँ हस्तान्तरण गरेको हो । बिराटनगरमा एक कार्यक्रमका बीच रकम मृतककी पत्नी जुनु गुरुङलाई प्रदान गरिएको मेगा बैकले जनाएको छ । मृतक गुरुङले नेपाली सेनाको २१ नम्बर बाहिनी अड्डा चारआलीमा कार्यरत रहँदा मेगा बैकको बिर्तामोड शाखामा 'मेगा कर्पोरेट बेनीफिट सेभिङ अकाउन्ट भि २०२०' खोलेका थिए ।

२०७८ सालमा सवारी दुर्घटनामा परी उनको निधन भएको थियो। मेगा बैंकले तलबी खातामा बीमा सुविधा प्रदान गर्दै आएको बैंकको प्रदेश एकका प्रमुख विवेकबन्धु न्यौपानेले बताए ।

न्यूनतम एक हजार रुपैयाँ मौज्दातमा खोल्न सकिने 'मेगा कर्पोरेट बेनीफिट सेभिङ अकाउन्ट भि २०२०' मा बैंकले हरेक खातावालाको सात लाख रुपैयाँको दुर्घटना बीमा गरिदिएको छ । ग्राहक र उनीहरूका परिवारलाई भइपरी आउने यस्ता घटनाबाट केही वित्तीय राहत मिलोस् भनेर ग्राहकहरूका लागि यो योजना ल्याएको बैंकले बताएको छ ।

## Invitation for Quotations

**Nepal Rastra Bank**

**Janakpur Office**

**Invitation for Quotations for the works as listed below**

**Sealed Quotation No: SQ/Works/02/2079/080**

**Date of re–publication: 2079/06/13**

Nepal Rastra Bank, Janakpur Office invites electronic bids from eligible bidders for the Plumbing For Deep Boring under Sealed Quotation procedures specified in Public Procurement Act, Regulations and Nepal Rastra Bank Procurement By-laws. The contract(s) shall be based on least cost to the Purchaser.

| S. No. | Sealed Quotation No. | Works | Job | Cost Estimate Including VAT NRs. | Bid Bond Amount NRs. | Documentation Fee |
|---|---|---|---|---|---|---|
| 1. | SQ/Works/02/2079/080 | Plumbing For Deep Boring | 1 | 5,39,711.13 | 16000 | 1,000.00 |

1. Eligible Bidders may obtain further information and inspect the bidding documents at Nepal Rastra Bank, Janakpur Office, Dhanusha, Nepal, Tel: 041-426362, 041-426629, email: nrbjnp@nrb.org.np or may visit e-GP system: www.bolpatra.gov.np/egp.
2. Bidding document is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document as stated above in the following bank.
   **Name of the Bank:** Nepal Rastra Bank, Janakpur Office, Dhanusha.
   **Account Name:** Profit and Loss account
   **Account Number:** (1600000/030/002/524)
3. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Nepal Rastra Bank, Janakpur Office, Dhanusha, Nepal on or before 12:00 Noon on 2079/06/28.
4. Sealed Quotations shall be opened in presence of Bidders' representative who chooses to attend on 2:00 PM on 2079/06/28 at the office of Nepal Rastra Bank, Janakpur Office, Dhanusha, Nepal. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of submission and opening falls on a government holiday then the next working days shall be considered the last day. In such case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
6. Nepal Rastra Bank reserves the right to accept or reject, wholly or partly any or all the Electronic Bids without assigning any reason, whatsoever.

# नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा पर्साका नेता कार्यकर्ताको धर्ना

**अनिल तिवारी**

वीरगञ्ज । पर्सा जिल्लाका नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताले केन्द्रीय कार्यालयमा धर्ना दिएका छन् ।

सो क्रममा नेका पर्साका पूर्व सभापति राजेन्द्र बहादुर अमात्यले प्रधानमन्त्री शेरबहादुर देउवालाई समयमै सचेत हुन चेतावनी दिए ।



नेपाली कांग्रेस केन्द्रीय कार्यालय काठमाण्डुमा भएको विरोध कार्याक्रममा उनले पार्टीको केन्द्रीय नेतृत्वले एकतर्फि रुपमा इतर समूहका पुराना नेताहरुलाई पाखा लगाउन कार्यले विद्रोहको ठूलो आंधी ल्याउने चेतावनी दिए ।

पार्टीका सभापति देउवाले उम्मेदवार छनौटमा एकलौटी गरेको भन्दै त्यसलाई सच्याउन माग गर्दै बुधबार पार्टी केन्द्रीय कार्यालय सानेपामा शेखर समूहले आयोजना गरेको धर्ना कार्यक्रममा उनले भने,' पार्टीमा प्रवेश गरेका नयाँ नयाँ कार्यकर्ताहरुलाई अगाडि बढाउने र पुराना नेतालाई पाखा लगाउने कार्य कुनै रुपमा बर्दास्त हुँदैन,नेतृत्व पक्ष समयमै सचिएन भने विद्रोहको ठूलो आंधी आउन सक्छ ।'

'आँधी आउनु भन्दा पहिले शान्ति देखिन्छ तर आँधी आउँदा कति तहस नहस पार्छ त्यो कुरा समयमै नेताहरुले बुझ्नु पर्दछ ,हामी सुझाव दिइरहेका छौ समय छ ,अहिले पनि सचेत हुनुस ।'

बुधबार दिउँसो १ देखि २ बजे सम्म भएको धर्नामा पर्साका अधिकांश विपक्षी नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

धर्ना कार्यक्रममा पर्साबाट काँग्रेसका पूर्ब जिल्ला सभापति अमात्यसंगै प्रदेशसभा सदस्य राजेश्वर साह तेली, पूर्व क्षेत्रीय सभापति विजय सर्राफ, वीरगन्ज महानगर सभापति मणिन्द्रलाल नेपाली, नगर उपसभापति सन्तोष गुप्ता , पूर्व नगर सचिव मनोहर साह , विजय कर्ण, रोशन लामिछाने लगायतका नेता कार्यकर्ताहरुको उपस्थिति रहको थियो ।

शेखर समूहले संघदेखि प्रदेशसम्मको सूची सच्याउनुपर्ने माग अघि सारेको छ । आफूहरुले कम्तीमा ४० प्रतिशत हिस्सा पाउनु पर्ने उनीहरुको अडान छ ।

# केन्द्रमा सहमतिको प्रयास, क्षेत्रमा विद्रोहको चेतावनी

**कमलेश ठाकुर**

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिदै छ । सबै दलले उम्मेदवार सिफारिस गरिसकेका छन् ।

सिफारिस भएका उमेदवारहरू आन्तिरक रुपमा प्रचार प्रसार पनि गरिरहेका छन् । टिकट पाउन शीर्ष नेता समक्ष उनीहरुको दौडधुप पनि जारी छ । पार्टीका शीर्ष नेताहरु भने गठबन्धनका लागि सिट बाँडफाँटको नजिक छन् । तर क्षेत्रमा टिकट नपाए नेताहरु विद्रोह गर्ने सोचमा छन् ।

धनुषा निर्वाचन क्षेत्र नम्बर २ सत्ता गठबन्धनबाट जनता समाजवादी पार्टी (जसपा)ले पाउने चर्चा छ । तर कांग्रेसले स्वीकार गर्न सक्ने अवस्था नरहेको नेपाली कांग्रेसका नेता रामकृष्ण यादव बताउँछन् । स्थानीय निर्वाचनको मत परिणाम अनुसार सिट बाँडफाँट हुनुपर्ने उनको सुझाव छ । 'न्यायोचित निर्णय गर्नुपर्छ । स्थानीय निर्वाचनको मत परिणाम अनुसार यहाँ कांग्रेस ठूलो दल छ, कांग्रेसले नै सिट पाउनु पर्छ,'उनले भने,'पाँच वर्ष अगाडिको मत परिणाम अनुसार सिट बाँडफाँट गर्नु गलत हो । एक दिनमा मान्छेको मन परिवर्तन हुन्छ भने पाँच वर्ष पूरानो कुरालाई आधार बनाउनु हुँदैन ।'

प्रत्यक्ष रुपमा उनले नभने पनि विद्रोह हुन सक्ने संकेत गरे । तर केन्द्रीय नेताले अन्याय नगर्ने उनको विश्वास छ । उनी कांग्रेस नेता शेखर कोइराला समूहका नेता हुन् ।

> **धनुषाकै निर्वाचन क्षेत्र नम्बर १ मा पनि विद्रोह हुने सम्भावना धेरै रहेको जसपा नेता दीपक कार्कीले बताएका छन् । 'जनता र स्थानीयको दबाब छ । माओवादीले यहाँको सिट पाए स्वीकार गर्नुहुदैनन्,'उनले भने, 'माओवादीले यहाँको सिट पाए विद्रोह हुने सम्भावना धेरै छ ।' यो क्षेत्र नेकपा माओवादीले पाउने सम्भावना धेरै छ । यहाँबाट ०७४ मा माओवादी नेता मातृका यादवले कार्कीलाई पराजित गर्दै निर्वाचित भएका थिए ।**

०७४ को निर्वाचनमा उनलाई तत्कालीन संघीय समाजवादी फोरमका नेता उमाशंकर अरगरियाले पराजित गरेका थिए । अरगरिया अहिले नेकपा एमालेमा प्रवेश गरेका छन् । स्थानीय निर्वाचनमा ४१ वटा वडा रहेको यी क्षेत्रमा १९ वटा वडामा नेपाली कांग्रेसले जितेको छ ।

कांग्रेसले यहाँ २१ हजार दुई सय ३२ मत ल्याएर ठूलो दल बनेको छ । जसपाले १३ हजार आठ सय ८९, ११ हजार पाँच सय ८३ एमाले, दश हजार सात सय ९४ नेकपा माओवादी केन्द्र, आठ हजार ९ सय ९७ नेकपा (एकीकृत समाजवादी) र ६ हजार सात सय लोसपाले यी क्षेत्रमा मत पाएका छन् ।

कांग्रेसले रामकृष्ण यादव र मोक्ता यादवको नाम यस क्षेत्रबाट सिफारिस गरेको छ । लोसपाबाट एकल सिफारिस भएका नेता एमाले प्रवेश गरेका छन् भने एमालेबाट सिफारिस भएका नेता गंगाराम पनि पार्टी त्याग गरेको घोषणा गरिससकेका छन् ।

विहीबार (आज) उनी जसपा प्रवेश गर्ने तयारीमा छन् । जसपाबाट उम्मेदवार बन्ने सम्भावना छ । यस्तै, नेकपा (एकीकृत समाजवादी)बाट सम्भावित उम्मेदवारको रूपमा रामचन्द्र झाको नाम सिफारिस भएको छ र नेकपा (माओवादी केन्द्र)बाट योगकुमार बरबरिया यादव (श्रवण)को नाम सिफारिस भएको छ । लोसपाले अर्को उम्मेदवार अगाडि सारेको छैन ।

धनुषाकै निर्वाचन क्षेत्र नम्बर १ मा पनि विद्रोह हुने सम्भावना धैरै रहेको जसपा नेता दीपक कार्कीले बताएका छन् । 'जनता र स्थानीयको दबाब छ । माओवादीले यहाँको सिट पाए स्वीकार गर्नुहुदैनन्,'उनले भने, 'माओवादीले यहाँको सिट पाए विद्रोह हुने सम्भावना धैरै छ ।' यो क्षेत्र नेकपा माओवादीले पाउने सम्भावना धैरै छ । यहाँबाट ०७४ मा माओवादी नेता मातृका यादवले कार्कीलाई पराजित गर्दै निर्वाचित भएका थिए । कार्की चुनावी प्रचारमा जुटिसकेका छन् ।

# खर्च विवरण नबुझाउनेलाई जरिवाना

**टुडे समाचारदाता**

जलेश्वर । स्थानीय तह निर्वाचनमा समयभित्र निर्वाचन खर्च विवरण नबुझाउने महोत्तरीका चार हजार ६ सय २७ जनालाई जरिवाना गरिएको छ ।

जिल्ला निर्वाचन अधिकारी सुबोधकुमार महतोका अनुसार महोत्तरीका १५ स्थानीय तहका प्रमुख / उपप्रमुख / अध्यक्ष / उपाध्यक्ष / वडाध्यक्ष, महिला, दलित तथा खुल्ला सदस्य पदका गरी जम्मा चार हजार ६ सय २७ उम्मेदवारलाई निर्वाचन आयोगले जरिवाना गरेको छ ।

जिल्लामा रहेका १५ स्थानीय तहमा उम्मेदवार बनेका चार हजार आठ सय २९ उम्मेदवारमध्ये दुई सय दुई जनाले मात्र निर्वाचनमा खर्च गरेको खर्च विवरण बुझाएको तथा बाँकी चार हजार ६ सय २७ जनाले खर्च विवरण नबुझाएको बताइएको छ ।

निर्वाचन आयोगले नगरपालिकाका प्रमुख / उपप्रमुखका उम्मेदवारलाई चार लाख ५० हजार र वडाध्यक्ष तथा सदस्य पदका उम्मेदवारलाई जनही दुई लाखको दरले जरिवाना तोकिएको छ ।

त्यसैगरी गाउँपालिकाका अध्यक्ष / उपाध्यक्षलाई तीन लाख ५० हजार तथा वडाध्यक्ष र सदस्यहरूलाई एक लाख ५० हजारका दरले जरिवाना तोकिएको छ ।

निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र चुनाव खर्च विवरण बुझाउनुपर्ने कानूनी प्रावधान रहेकामा जिल्लामा निर्वाचनमा चार हजार आठ सय २९ उम्मेदवारमध्ये दुई सय दुईजनाले मात्रै खर्च विवरण बुझाएका थिए भने चार हजार ६ सय २७ जनाले तोकिएको समयमा खर्च विवरण बुझाएका थिएनन् ।

जिल्लाका चार हजार ६ सयभन्दा बढी उम्मेदवारहरूले निर्वाचन आयोगले सोधेको स्पष्टीकरणको समेत बेवास्ता गरेका थिए ।

उनीहरूलाई आयोगले गत भदौ १ देखि ७ गतेसम्म लिखित स्पष्टीकरण बुझाउने समय दिएको थियो । तर सो समयमा जिल्लाका केही उम्मेदवारहरूले मात्रै लिखित स्पष्टीकरण पेस गरेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

निर्वाचनमा उम्मेदवार भएका जिल्लाको खर्च विवरण नबुझाउने उम्मेदवारहरूले आयोगले तोकेको दण्डको रकम एकपटकका लागि माफ गरी थप एक चोटि म्याद दिन निर्वाचन आयोगलाई आग्रह गरेका छन् ।

निर्वाचनको खर्च विवरण नबुझाउने उम्मेदवारलाई निर्वाचन आयोग ऐन, २०७३ अनुसार राजनीतिक दल वा उम्मेदवारले गरेको खर्च वा पाँच लाखमध्ये जुन बढी हुन्छ सोही बराबरको रकम निर्वाचन आयोगले जरिवाना गर्ने व्यवस्था गरेको छ ।

त्यस्तै ६ महिनासम्म जरिवाना रकम नबुझाउने राजनीतिक दल वा उम्मेदवारलाई बढीमा ६ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन वा उम्मेदवार हुन नपाउने व्यवस्था रहेको छ ।

# हत्या गरेको आरोपमा अन्सारी पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मटिहानी नगरपालिकाका एक महिलालाई बलात्कारपछि हत्या गरेको अभियोगमा २४ वर्षीय मोजाहिर अन्सारी पक्राउ परेका छन् ।

ती महिलालाई बलात्कारपछि हत्या गरेको अभियोगमा अन्सारीलाई पक्राउ गरी बुधबार सार्वजनिक गरिएको हो ।

अभियुक्त अन्सारीले महिलालाई बलात्कारपछि पेचकसले घाँटी, छाती र पेटमा घोचेर हत्या गरी बाँसघारीमा शव फालिएको अवस्थामा प्रहरीले शव फेला पारेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक कृष्णप्रसाद पङ्गेनीले पत्रकार सम्मेलन मार्फत जानकारी दिए।

घटनास्थलमा मृतकको लुगाफाटा च्यातिएको, सुरुवालको डोली चुँडिएको, पोते चुँडिएको, चुरा फुटेको, कुर्ताका गोजीको टुक्रा फालिएको र आरोपिको गन्जी पनि च्यातिएको अवस्थामा फेला परेको थियो । अभियुक्तले एक सय मिटरसम्म शवलाई घिसारेर बाँसघारी ल्याएको राखेको अर्धनग्न अवस्थामा शव फेला परेको थियो ।

साथै हत्यापश्चात् अभियुक्तले मृतकसँग रहेको पाउजू र नाकको फुली निकालेर जलेश्वरस्थित एक सुन पसलमा बेचेको पाइएको छ ।

प्रहरीले घटना भएको ३६ घण्टापछि अभियुक्तलाई पक्राउ गरेको थियो ।

अभियुक्तमाथि प्रहरीले कर्तव्य ज्यान मुद्दा चलाएर अनुसन्धान अगाडि बढाएको छ भने यस घटनामा थप व्यक्ति संलग्न छ/छैन सम्बन्धमा थप अनुसन्धान अगाडि बढाइएको जनाइएको छ ।

# दुई ठाउँमा विद्युत् महसुल संकलन केन्द्र सञ्चालन

**टुडे समाचारदाता**

रौतहट । दुई ठाउँमा एकैसाथ नेपाल विद्युत् प्राधिकरण कार्यालयको विद्युत् महसुल संकलन केन्द्र तथा फयुज सेवा कार्यालय सञ्चालन गरिएको छ ।

जिल्लाको दुर्गाभगवती गाउँपालिकाको पिप्रा बजार र गढीमाइ नगरपालिकाको समनपुर बजारमा विद्युत् महसुल संकलन केन्द्र तथा फयुज सेवा कार्यालय सञ्चालन गरिएको हो ।




बुधवार आयोजित छुट्टाछुट्टै कार्यक्रमबीच दुबै कार्यालयको उद्घाटन गरिएसँगै उक्त सेवा केन्द्र सञ्चालनमा आएको छ । गढीमाई नगरपालिकाका मेयर श्याम प्रसाद यादवले समनपुरमा स्थापना भएको उक्त विद्युत् महसुल संकलन केन्द्र कार्यालय र दुर्गाभगवती गाउँपालिकाको पिप्रा बजारमा स्थापना भएको विद्युत महसुल संकलन केन्द्र कार्यालयको उद्घाटन गरेका थिए ।

समनपुर र पिप्रा बजारमा विद्युत महसुल संकलन केन्द्र तथा फयुज सेवाको कार्यालय नहुँदा सो आसपासका विद्युत उपभोग गर्ने उपभोक्ताहरु विधुतको महसुल बुझाउन गरुडा, शिवनगर तथा गौर जान बाध्य रहेको अवस्थालाई मध्य नजर गर्दै उपभोक्ताहरुलाई विद्युत् महसुल बुझाउन टाढा जान नपरोस भन्ने उद्देश्यका साथ नजिकैमा विद्युत् महसुल संकलन केन्द्र कार्यालयको स्थापना गरिएको छ ।

यसअघि नजिकैमा संकलन केन्द्र नहुँदा स्थानीयले विद्युत् महसुल बुझाउन निकै सास्ती भोग्दै आएका थिए तर अब नजिकैमा महसुल काउण्टर खुलेपछि स्थानीयहरुलाई विद्युत् महसुल बुझाउन निकै सहज भएको छ ।

# चाडवाड लक्षित गरी यात्रु सहायता कक्ष

**अजमल मिकरानी**

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिका वडा न-१० स्थित जिविस चौकमा दशैं,तिहार र छठ पर्वलाई लक्षित गरेर नागरिक यात्रु सहायता कक्षको सुरुवात गरिएको छ ।

यात्रुको सहजताका लागि ट्राफिक प्रहरी कार्यालय मलंगवाले यात्रु सहायता कक्ष संचालनमा ल्याएको छ ।

चाडपर्वको बेला हुन सक्ने समस्यालाई मध्यनजर गरी यात्रु सहायता कक्षको स्थापना गरिएको ट्राफिक प्रहरी कार्यालय मलंगवाका इन्चार्ज अरुण पाण्डेले बताए ।

नागरिकहरुको सहयोग र सहजीकरणका लागि जिल्लाको अन्य स्थानहरुमा पनि यात्रु सहायता कक्ष स्थापना भएको इन्चार्ज पाण्डेले बताए ।

ट्राफिक र प्रहरीले मात्रै सहयोग गरेर यात्रुलाई सहज नहुने हुँदा सवारी धनी चालक र यातायात कम्पनीले पनि पर्वका बेला सहजीकरण गर्नुपर्ने उनले बताए ।

उनले पर्वका बेला हुनसक्ने दुर्घटनाका बारेमा सचेत हुन र सबैले ट्राफिक नियमको पालना गरेमा मात्रै सहज तरिकाले पर्व मनाउन सकिने विषयमा गम्भीर भएर यात्रा गर्न र सवारी चलाउनु पर्नेमा जोड दिए ।

यस्तै, नेपाल पत्रकार महासंघ सर्लाहीका पूर्व उपाध्यक्ष संचारकर्मी बख्तियार अलीले पर्वका बेला सर्वसाधारण नागरिकहरु र यात्रु ठगिने र विभिन्न सास्ती खेप्नु पर्ने अवस्थालाई मध्यनजर गरेर स्थापना गरिएको सहायता कक्षबाट सहयोग लिन सबैलाई आग्रह गरे ।

चाडवाडको समयमा सवारीमा बढी भाडा लिने, सामग्री हराउने, गन्तव्यमा पुग्ने सवारीको ज्ञान नहुने जस्ता समस्यामा परेका यात्रुले सहायता कक्षबाट सेवा लिन पाउनेछन् ।

**डेंगीबाट बच्ने उपायहरु:**

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टंयाकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८